# परिच्छेद एक :

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानिस स्वतन्त्ररूपमा जन्मन्छ तर जन्म पश्चात विभिन्न बन्धनमा बाँधिएको हुन्छ । (Man is born free but every where he is in chain) ती बन्धनबाट मुक्ति पाउन उसले जीवनमा विभिन्न प्रकारका संघर्षहरू गर्नु पर्दछ । संघर्षमा सफलता प्राप्त भएमा मात्र मानव जीवन स्वतन्त्र, सुखमय प्रतिष्ठित बन्दछ ।

मानव विकासको इतिहासलाई विश्लेषण गर्दा विभिन्न आरोह अवरोह पार गर्दै जंगली युगबाट मानिस आजको वैज्ञानिक र आधुनिक युगमा आइपुगेको छ । जंगली युगमा वनका फलफूल, कन्दमूल र जंगली जनावरको शिकार गरेर आफ्नो बाँच्ने आवश्यकता पूरा गर्ने मानिस क्रमशः आफ्नो सभ्यताको विकास गर्दै खेतीपातीको युग र लाज छोप्न रूखका पात तथा बोक्राको प्रयोग गर्ने अवस्था पार गर्दै मिलीजुली बस्ने, वस्तु विनिमयका माध्यमबाट आवश्यकता पूरा गर्ने तर्फ केन्द्रित हुँदा समाजको संरचना तयार भयो र मानिस सामाजिक प्राणी बन्न पुगेको छ, (अधिकारी,२०५८) ।

मानव सभ्यताको विकास र सामाजिक जटिलताबाट समाजमा विभिन्न वर्ग उत्पन्न भयो । उच्च वर्गले निम्न वर्गमाथि शासन गर्न थाले र उनीहरूको विपन्नताको फाइदा उठाउन खान लगाउन दिएरमात्र काम लगाउन थाले । जसबाट दास प्रथाको प्रारम्भ भएको मानिन्छ, (पाण्डेय र पाण्डेय,२०५५) ।

युरोपमा दास दासीहरूको व्यापार गर्ने व्यापारीहरूको केही निश्चित समूह  थियो । त्यहाँ पैसा तिरेर मात्र दासहरू किन बेच गर्ने गरिन्थ्यो । तर नेपालमा दास दासी बेच्ने कुनै व्यापारी थिएन । पैसा बाहेक अन्य सामाजिक व्यवहारबाट पनि दास दासी बनाउने चलन थियो । नेपालमा आफ्नै आमाबावु तथा इष्टमित्रहरूले दास दासी राख्न ल्याउथे । दास दासी जबरजस्ती राखिदैन्थ्यो, (उपाध्याय, २०५६) ।

युरोपियनहरू आफ्ना जातिका मानिसलाई दास बनाउँदैनथे । यिनीहरूले अफ्रिकाका निग्रोनहरूलाई दास बनाउँथे । यसैले उनीहरूप्रतिको व्यवहार रूखो हुन्थ्यो । तर नेपालमा दास दासीहरू आर्यहरूमध्येबाटकै एउटै वर्गका थिए । दास र मालिक बीच ठूलो माया ममता हुन्थ्यो । दासहरूले आफ्नो मालिकको स्याहा सुसार गर्नु नै आफ्ना परम कर्तव्य र धर्म मान्दथे । तर पछि सामाजिक क्रान्ति स्वरूप बेलायतबाट जंगबहादुर नेपाल फर्केपछि दास दासीहरूलाई उनीहरूको मूल्य पशुपति कोषबाट तिरी दिएर मुक्त गरेका थिए भने कुनै मालिकहरूले स्वेच्छाले बिना पैसा कमारा कमारी मुक्त गरिदिएका थिए, (उपाध्याय,२०५६) ।

दास दासी प्रथा उन्मूलन भए तापनि जमिनदारका घरमा निम्न आय श्रोत भएका जमिनहिन किसानहरूले घर-श्रमिकको रूपमा काम गर्न थाले । ती सिधा साधा निरक्षर किसानहरूलाई घरायसी काममा थोरै रकम दिएर धेरै रकमको कागज गराउने र रकम चुक्ता नगर्दासम्म अर्काका घरमा जान नपाउने कुसंस्कारको विकास जमिनदारहरूले शुरुवात गरे । जसको शिकार बनेका व्यक्तिहरू नै कमैया हुन्, (चौधरी,२०६०) ।

कमैया श्रम निषेध गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०५८ अनुसार कमैया श्रमिक भन्नाले भैसवार, गैवार, बर्दिकार, छेकरबार, हरूवा, चरुवा, हली, गोठालो, कमलरिया वा अन्य यस्तै नामबाट कमैया श्रम गर्ने व्यक्ति सम्झनु पर्दछ । यो ऐन प्रारम्भ भए पनि स्वतः मुक्त भएका कमैयालाई मुक्त कमैया भनिन्छ ।

शिक्षा मानव विकासको मेरुदण्ड हो । जबसम्म व्यक्ति शिक्षित हुँदैन तबसम्म उसले आफ्नो अधिकार र कर्तव्यको पहिचान गर्न पनि सक्दैन । लामो समयसम्म जमिनदारको घरमा श्रमिक बनेका मुक्त कमैयाहरूको आर्थिक, सामाजिक पक्ष निकै कमजोर देखा परेको छ । कमैयाका बालबालिकाहरू स्कूल नजाने र गए तापनि बीचैमा विद्यालय छोड्नेको प्रतिशत धेरै छ । यसैले मुक्त कमैयाको जीवनस्तर उकासी उनीहरूका बालबालिकाको शैक्षिक स्तर अभिवृद्धि गर्न सकेमा पिछडिएका वर्गलाई मूल धारमा समाहित गर्न एक ईँट्टा थप्न सकिने छ । यसैले मुक्त कमैयाका बालबालिकाको शैक्षिक स्थितिको बारेमा खोज अनुसन्धान गरी उनीहरूको जीवनस्तर उकास्न, अवलम्बन गर्नुपर्ने उपायहरूको खोजी गर्न मैले मुक्त कमैयाको बालबालिकाको शैक्षिक स्थितिलाई विषयवस्तुको रूपमा छानिएको छ ।

## १.२ समस्याको कथन

जमिनदार सामन्तको घरमा लामो समयसम्म दासता जीवनयापन गरेका र दासताबाट २०५७ साल श्रावण २ गते मात्र कानूनी रूपमा मुक्त भएका तर व्यवहारमा अझसम्म परिमार्जित दासता जीवन व्यतित गरिरहेका मुक्त कमैयाको आर्थिक, सामाजिक, शैक्षिक स्तर माथि उठ्न सकेको छैन । वर्तमान विज्ञान र प्रविधिको युगमा पनि परम्परा शैलीमा दुःखदायी जीवन बिताउन बाध्य छन् मुक्त कमैयाहरू, (चौधरी, २०६०) ।

राष्ट्रिय श्रम प्रतिष्ठान नेपालको २०५८ को एक अध्ययन प्रतिवेदन अनुसार ५.१ प्रतिशत ब्राह्मण, क्षेत्री, ३.६प्रतिशत दलित र अन्य निरक्षर थारू जाति कमैयाको रूपमा भेटिएका छन् । ती कमैयाहरू नेपालको पश्चिम तराईका रुपन्देही, नवलपरासी, दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर अनि भित्री मधेश सुर्खेतमा समेत बसोबास गर्दै आएका छन् । विशेष गरेर मानव अधिकारवादी संघ संस्था र गैरसरकारी संस्थाहरूको दवावमा सरकारले २०५७ सालमा यो शोषणमूखी श्रमप्रथामा बन्देज लगायो । ती मुक्त कमैयालाई घर, जग्गा सामाजिक सुरक्षाको चाँजोपाजो शुरु गरियो । हेरचाह पाउनेमा दाङ र पश्चिमका ५ जिल्लाका कमैयाहरू मात्र परे । अन्य जिल्लाका समस्यालाई तन्नामुनि लुकाउनु र हेरचाहमा परेका जिल्लाहरूका कमैयाहरूले पनि पूर्ण रूपमा सुरक्षा पाएका छैनन् । जसले गर्दा उनीहरूको बालबालिकाको शिक्षामा प्रत्यक्ष असर परेको देखिन्छ, (शर्मा, २०६०) ।

शिक्षालाई कुनै पनि व्यक्तिको आर्थिक र सामाजिक अवस्थाले प्रभाव पार्दछ । लामोसमयसम्म जमिनदारका घरमा श्रमिक जीवन बिताएका बालबालिकाहरू आर्थिक विपन्नता र मालिकको स्याहार सुसार गर्ने संस्कार पाएका मुक्त कमैयाका बालबालिकाहरूलाई औपचारिक शिक्षा प्रणालीमा समावेश गराएर शिक्षा प्रदान गर्ने कार्य सजिलो छैन । कक्षाकोठामा अरू वर्गका बालबालिकासँग घुलमिलन हुन नसक्नु, कक्षाकोठाका शैक्षिक सामग्री उनीहरूको भावना विपरीत हुनु आदि कारणले मुक्त कमैयाका बालबालिलकाहरू सिकाइप्रति अभिरूचि कमी भई शिक्षाको क्षेत्रमा निकै पछाडि परेका छन् । उनीहरूलाई विशेष किसिमको शिक्षाको व्यवस्था गरी जीवनप्रति सकारात्मक सोचको विकास गराउन र सीप प्रदान गर्न विभिन्न संघ संस्था लागी

परेता पनि उनीहरूमा आशातित प्रगति हुन सकेको छैन । यस खोज अनुसन्धानले मुक्त कमैयाका बालबालिकाहरूको शैक्षिक स्थितिलाई यथार्थ चित्रण गर्दै उनीहरूको शैक्षिक लगायत आर्थिक र सामाजिक उन्नति र प्रगति के-कसरी गर्न सकिन्छ भन्ने कुरा प्रष्ट्याउने प्रयास गरिएको छ ।

मुक्त कमैयाका बालबालिकाहरूमा निम्नलिखित समस्याहरूलाई आधार मानेर यो शोधपत्र तयार पारिएको छ :

(क) मुक्त कमैयाको जीवनस्तर सुधार हुन नसक्नु ।

(ख) अधिकांश मुक्त कमैया निरक्षर हुनु ।

(ग) मुक्त कमैयाका बालबालिकाहरूमा शैक्षिक सुधार दर न्यून हुनु ।

(घ) मुक्त कमैयाको सामाजिक, आर्थिक, राजनैतिक पहुँच वृद्धि हुन नसक्नु ।

उपर्युक्त समस्याहरुलाई मनन गरी मुक्त कमैयाका बालबालिकाको शैक्षिक स्थितिलाई यस अध्ययनको समस्याको कथनको रुपमा लिईएको छ ।

## १.३ अध्ययनको औचित्य

बालबालिकाको व्यक्तित्व विकासमा सकारात्मक र लगानी अनुसार प्रतिफल प्राप्त हुन नसकेमा त्यसको असर समाज र राष्ट्रमा पर्दछ । जसलाई समस्याको रूपमा राष्ट्रले भविष्यमा झेल्नु पर्दछ । हाम्रो परिवेशमा मध्य नजर गर्दा कमैयाका बालबालिकाहरूले आफ्नो सामान्य अधिकार पनि उपयोग गर्न पाएका छैनन् । शिक्षा सम्बन्धी विश्वव्यापी अवधारणा Education for all अनुसार सन् २०१५ सम्म सबै समुदाय, क्षेत्रका व्यक्तिहरूलाई शिक्षा सहजै उपलब्ध गराउनु अनिवार्य भएको छ । तर विद्यालयमा भर्ना भएका बालबालिकाहरूमध्ये कतिपयले बीचैमा विद्यालय छाड्छन्, कतिपयले उही कक्षा दोहोऱ्याउँछन् भने आर्थिक विपन्नता र सामाजिक पछौटेपनका कारणले मुक्त कमैयाका धेरैजसो बालबालिकाहरूले विद्यालयको मुख हेर्न समेत पाएका छैनन् ।

समाजका विभिन्न वर्ग र समुदायका बालबालिकाहरूमध्ये मुक्त कमैयाका बालबालिकाहरूलाई शिक्षाको महत्व अवगत नहुनु र उनीहरूलाई शिक्षा प्राप्त गर्ने सुअवसर र प्रेरणा मिल्न नसकेकाले उनीहरूको शैक्षिक स्तर वृद्धि गर्न र दाङ जिल्लाका मुक्त कमैयाका बालबालिकासँग अन्य जिल्लाका मुक्त कमैयाका बालबालिकाको शैक्षिक स्थितिलाई तुलना गर्न र उनीहरूको जीवनस्तर उकास्ने उपायको खोजीका लागि यस अध्ययनलाई अनुसन्धानको विषयको रूपमा लिभएको छ । जुन अध्ययन निष्कर्षले भविष्यमा यस्तै खोजी अनुसन्धान गर्ने अनुसन्धानकर्ता, जिज्ञासु, सम्बन्धित सबैका लागि सहयोग पुग्ने अपेक्षा गरिएको छ । साथै निम्न व्यक्ति र संस्थालाई निम्न कार्य गर्नमा सहयोग पुऱ्याउदछ ।

(क) नयाँ खोज अनुसन्धानकर्तालाई आफ्नो खोज कार्य पुरा गर्न ।

(ख) राष्ट्रिय योजना आयोगलाई मुक्त कमैयाका लागि विभिन्न योजना तर्जुमा गर्न

(ग) मुक्त कमैयाहरुलाई सहयोग गर्ने विभिन्न संघ संस्थालाई आवश्यक पर्ने तथ्याङ्क उपलब्ध गराउने ।

(घ) मुक्त कमैयाहरुलाई आफ्ना बालबालिका शैक्षिक स्थितिको बारेमा बोध गर्न र बालबालिकाको शिक्षाको लागि सचेत र सक्रिय हुन ।

(ङ) सरकारले मुक्त कमैयाका बालबालिकाहरुलाई शैक्षिक उत्थान गर्ने व्यवस्था मिलाउने ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका निम्न लिखित उद्देश्यहरु रहेका छन् ।

(क) मुक्त कमैयाका बालबालिकाको विद्यालय सहभागिताको पहिचान गर्नु ।

(ख) मुक्त कमैयाका बालबालिकाहरूको शिक्षा प्राप्तिका समस्या र चुनौति पत्ता लगाउनु ।

(ग) मुक्त कमैयाका बालबालिकाहरूको शैक्षिक उत्थानका उपायहरू खोजि गर्नु ।

## १.५ अनुसन्धनात्मक प्रश्नहरू

यस अध्ययनका अनुसन्धनात्मक प्रश्नको रूपमा निम्न प्रश्नहरूको प्रयोग गरिएको छ :

(क) मुक्त कमैयाका बालबालिकाहरूको विद्यालयमा सहभागिता कस्तो छ ?

(ख) मुक्त कमैया बालबालिकाहरूको शिक्षा प्राप्तिमा के-कस्ता समस्याहरू रहेका छन् ?

(ग) मुक्त कमैयाका बालबालिकाहरूको शैक्षिक उत्थनका उपायहरू के के हुन् ?

## १.६ अध्ययनको परिसीमा

नेपालका अधिकांश कमैयाहरू बाँके, बर्दिया, कैलाली, कञ्चनपुर र दाङमा बसोबास गर्दै आएका छन् । भूमिसुधार मन्त्रालयले लिएको एक तथ्याङ्क अनुसार दाङमा १२२७५ जना, बाँकेमा ६८४६ जना, बर्दियामा २५८४६ जना, कैलालीमा ३०४६३ जना र कञ्चनपुरमा ७९४५ जना कमैयाहरू बसोबास गरिरहेका छन् । यसरी विभिन्न जिल्लामा छरिएर रहेका मुक्त कमैयाहरूका बालबालिकाको शैक्षिक स्थितिबारेमा खोज अनुसन्धान गर्न छोटो समय र न्यून आर्थिक श्रोतबाट सम्भव नहुने भएकाले दाङ जिल्लालाई अध्ययनको परिसीमा तोकिएको छ । जसमा दाङ जिल्लाका नारायणपुर स्रोतकेन्द्र, रझेना स्रोतकेन्द्र, देउपुर स्रोतकेन्द्र र  बनगाउँ स्रोतका ७ वटा विद्यालयहरुलाई उद्देश्यपूर्ण छनोट विधिबाट छनोट गरी त्यहाँका ५/५ जना मुक्त कमैयाका जम्मा (७×५) ३५ बालबालिका, प्र.अ. जम्मा ७ जना र मुक्त कमैयाको बस्तीबाट मुक्त कमैयाहरूमध्ये २५ जना र उनीहरुलाई सहयोग गर्दै आएका संस्थाका प्रतिनिधिहरु ५ जना गरी जम्मा ७२ जनालाई आफ्नो अध्ययनको परिसीमाभित्र राखिएको थियो ।

## १.७ अध्ययनमा प्रयोग गरिएका शब्दहरुको अर्थ

कमैया : अरुको घरमा न्यून ज्यालामा काम गर्न बसेका विपन्न वर्ग

मुक्त : अधिनभन्दा बाहिर, स्वतन्त्र

आदिवासी : कुनै निश्चित भूगोलमा पुर्खादेखि बस्दै आएका

जनजाति : ब्राहमण, क्षेत्री, दलित बाहेक नेपाल सरकारले तोकेका जातहरु

कक्षा दोहोऱ्याउने : एउटै कक्षामा लगातार अध्ययन गर्ने वा असफल विद्यार्थी

विद्यालय छाड्ने : अध्ययनरत तह पास नगरी बीचैमा विद्यालय छाड्ने

Flash I : विद्यार्थी भर्नापछि भरिने शैक्षिक तथ्याङ्क फाराम (२०६६)

Flash II : अन्तिम परीक्षामा सहभागी विद्यार्थीहरुका आधारमा भरिने शैक्षिक तथ्याङ्क (२०६६)

## परिच्छेद दुई :
## सम्बन्धित साहित्यको सिंहावलोकन तथा सैद्धान्तिक खाका

### २.१ सम्बन्धित साहित्यको सिंहावलोकन

खोज अनुसन्धानका क्रममा मुक्त कमैयाकाहरुको अन्य शीर्षकहरुमा अध्ययन अनुसन्धान गरिएका भएता पनि हालसम्म उनीहरुको शैक्षिक स्थिति सम्बन्धी अध्ययन गर्ने अनुसन्धानकर्ताहरु कमै भेटिएको हुँदा, विषयसँग सम्बन्धित पूर्व साहित्यहरू दुर्लभ भएको महशुस गरिएको छ । तैपनि स्थानीय स्तर, राष्ट्रिय स्तर र अन्तराष्ट्रिय स्तरका खोजसँग सम्बन्धित जति पुस्तक, लेख, रचना, प्रतिवेदन, दस्तावेज, सर्वेक्षण रिपोटको समिक्षात्मक अध्ययन गरेर शोध शीर्षकलाई पूर्ण बनाउने उद्देश्यले साहित्यको सिंहावलोकनको रुपमा प्रस्तुत गरिएको छ ।

लामिछाने, (२०६०) का अनुसार नेपालमा दासता विरुद्ध केही सकारात्मक थालनी भएको पाइन्छ । वि.सं. १९१० मा जंगबहादुरद्वारा निर्मित मुलुकी ऐनले १६ वर्ष मुनिकालाई बाधा बन्धक राख्न नपाइने, सो उमेरभन्दा माथिलाई पनि इच्छा विपरीत बन्धक राख्न नपाउने प्रावधान राख्यो । त्यसैगरी सन् १९२४मा चन्द्र शमशेरले कमारा कमारी प्रथा उन्मूलन गरे भने सन् १९५६ मा संयुक्त राष्ट्र संघले ऋणी बाधा श्रम प्रथामा प्रतिबन्ध लगाउने पुरक सन्धिमा नेपालले पनि हस्ताक्षर गरेको र २०५७ श्रावण २ गते कमैया प्रथालाई घृणित गैर कानूनी प्रथा घोषणा गरेबाट कानूनी रूपमा दास दासी र कमैया कम्लरी प्रथा उन्मूलन भएको आभास भएको छ ।

चौधरी, (२०६०) ले उल्लेख गरे अनुसार घरको कुनै पनि कामका लागि राखिएका दास सरहका व्यक्तिलाई कमैया भनिन्छ । कमैया प्रथाको शुरुवातलाई पश्चिम तराईमा व्याप्त औलो तथा मलेरियासँग जोडेर व्याख्या विश्लेषण गरेको पाइन्छ । राणा शासकहरूले औलोग्रस्त ठाउँलाई त्यहाँका जमिनदारलाई केही पाउने गरी जग्गा सुम्पे भने जमिनदारले पनि केही पाउने गरी गरीबलाई जोत्न दिने र आफ्नो घरको नजिकै बुकुरो बनाएर राखी दिनभरी खेतीको कामपछि

बचेको समय आफ्नो घरायसी काममा जमिनदारले लगाउन थाले । उनीहरूको इच्छा अनुसार नभई जमिनदारले तोके वार्षिक ज्याला पाउँथे । छोराछोरी र श्रीमती जमिनदारकै निर्देशनमा काम गर्ने र खाएकै भरमा ज्याला चुक्ता हुन्थ्यो । यसरी जमिनदारको खेतीपाती निश्चित ढंगबाट हाँकी दिने व्यक्ति र उसको परिवार कमैयामा रूपान्तरण हुन पुगेका थिए ।

ILO,(2009) र Cwin (2003) ले उद्धृत गरे अनुसार १८ वर्षमुनिका केटाकेटीलाई बालबालिका भनिन्छ । नेपालको कूल जनसङ्ख्याको ५० प्रतिशत बालबालिका छन् । सो अध्ययन अनुसार नेपालमा मुक्त कमैयाका बालबालिका कति छन् भन्ने जनगणनामा उल्लेख गरेको पाइदैन । विभिन्न राष्ट्रिय, अन्तराष्ट्रिय संघ संस्थाले गरेको अध्ययन अनुसन्धान र प्रतिवेदन अनुसार नेपालमा करिब ३० हजारको हाराहारीमा मुक्त कमैयाका बालबालिकाहरू रहेको अनुमान गरिन्छ । यो मध्ये धेरैजसो पश्चिम तराईका जिल्लामा दिन गुजारी रहेका छन् ।

श्रम मन्त्रालयको सर्वेक्षण प्रतिवेदन, (२०५१) अनुसार नामक पुस्तक अनुसार नेपालको सबैभन्दा बढी कमैया भएको जिल्ला बर्दिया हो जहाँ ७ प्रतिशत बालबालिका १० वर्षभन्दा कम उमेरका रहेका छन् । । यसैगरी कैलालीमा १०.८४ प्रतिशत कमैया ८ वर्षमुनिकाभन्दा कम उमेरका र कञ्चनपुरमा १५.०७ प्रतिशत कमैया ९ देखि १६ वर्षसम्मका पाइएका छन् । यस तथ्याङ्कले जवान पुरुषभन्दा महिलालाई र बालबालिकालाई बढी जागेको प्रष्ट हुन्छ ।

इन्सेक सर्वेक्षण (२०४९) का अनुसार कमैयाको कुरा आउँदा स्वतः थारू जातिको प्रसङ्ग आएको पाइएको छ । सम्पूर्ण कमैयामा ९३.२ प्रतिशत थारू जातिका छन् । यी जाति इमानदार, सोझो स्वभाव र दरिद्रताका कारण कमैया प्रथा फष्टिने मौका पाएको देखिन्छ । सोझोपनका कारण टाठाबाठाबाट पर्याप्त मात्रामा ठगिन पुगेका छन् भन्ने जस्ता कुराहरुको उल्लेख गरिएको छ ।

नेपाल राष्ट्रिय श्रम प्रतिष्ठान, (२००२) ले उल्लेख गरे अनुसार कमैया बस्नेमध्ये बर्दिया र कैलालीमा ९९प्रतिशत हाराहारीमा थारू जाति छन् भने दाङमा ८४.२ प्रतिशत र बाँकेमा ९१.९ प्रतिशत थारू जातिका कमैया छन् । उनीहरु अझै पनि साहु महाजनहरुको ऋणले पिडित

भएका छन् । शिक्षाको दृष्टिकोणले पनि कमैया जातिका बालबालिकाहरुलाई हेरिने नकरात्मक दृष्टिकोण एवम् समासजका ठूला वर्ग तथा जमिन्दर हरुबाट गरिने अपमान जनक व्यवहारले गर्दा कमैयाहरु अझै पनि साक्षरता हुने मैका नपाएको कुरालाई उल्लेख गरिएको छ । उक्त प्रतिवेदनमा उल्लेख भए अनुसार मुक्त कमैया भनिए पनि यथार्थमा अझै पनि उनीहरु पूर्ण रुपमा मूक्त भइ नसकेको कुरालाई उल्लेख गरिएको छ । साहुमहाजनको ऋण, उनीहरुको हेपाह प्रवृत्ति कमैया वर्गको मूल समस्याको रुपमा रहेको कुरालाई प्रतिवेदनमा प्रष्ट रुपमा उल्लेख गरिएको छ ।

श्रम मन्त्रालय, (२०५१) ले उल्लेख गरे अनुासर जन्मका अवसरमा प्रत्येक कमैयाले औषतमा बर्दियामा ४७४.३८ रुपैयाँ, विवाहमा समयमा ३६४३.२१ रुपैयाँ यसैगरी कञ्चनपुरमा मृत्युका बेलामा १९३७.१९ रुपैयाँ र कैलालीमा विवाहमा ३९८९.१५ रुपैयाँ खर्च गर्ने गरेको पाइन्छ भने चाड मनाउनकै लागि कैलालीमा ७९.०५प्रतिशत र कञ्चनपुरमा ७४.०५प्रतिशत ले ऋण काढ्न पाइनुले थारू जाति र गरीबलाई कमैया र बाधा बनाउन सहयोग पुऱ्याई रहेको छ भन्ने कुरालाई स्पष्ट रुपमा उल्लेख गरिएको छ ।

आर-आर एन, (२०६१), ले कमैया मुक्त भइसकेपछि आठ जिल्लामा गरेको एक सर्वेक्षणले मुक्त कमैयाका बालबालिाहरूको बारेमा वास्तविकता दिन खोजेको छ । जस अनुसार ८ सय बाल श्रमिक र ५ सय अभिभावकहरू यस अध्ययनमा समेटिएका थिए । जसमा १४ वर्ष मुनिका ८०प्रतिशत बालबालिका निरक्षर छन् भने सबै मुक्त कमैया शिक्षा र बाल अधिकारबारे अनभिज्ञ छन् ।

लामिछाने, (२०६०) का अनुसार मुक्त कमैयाका बालबालिकाहरूलाई शिक्षा प्रदान गर्न बेस, आइ.एल.ओ. र आर.आर.एन.ले विशेष सहयोग पुऱ्याई रहेका छन् । तैपनि कैलालीको सदरमुकाम नजिकै रहेको मुक्त कमैया शिविरमा रहेका ५९२ जना बालबालिकाहरूमध्ये १५० जना मात्र विद्यालय जानु र अधिकांश बालबालिका जमिनदार र होटेलमा भाडा माँझ्न जान्छन् र अन्य सक्दो मजदुरी गर्दछन् । पढाई उनीहरूको प्राथमिकताभित्र पर्न सकेको छैन । सरकारले ५ कट्ठा जमिन दिएको छ तर ९ जनाको परिवारलाई त्यसबाट उब्जनी भएको अन्नले

१ महिना पनि धान्दैन । केटाकेटी स्कूल पठाए पनि उनीहरूको कामको खोजीमा जान्छन् । के गर्ने पढ्न जाउ भनेर गाली गर्न सकिन्न किनकि भोको पेटले पढ्नै पनि कसरी सक्छन् र ? मुक्त कमैया रून्चे को यस्तो प्रश्नबाट मुक्त कमैया र उनीहरूको बालबालिकाको शैक्षिक अवस्था प्रष्ट हुन्छ ।

मुक्त कमैयाको आर्थिक सामाजिक उन्नति र प्रगति साथै उनीहरूका बालबालिकाहरूका बारेमा विभिन्न संघ संस्थाले र सरकारले महत्वपूर्ण योगदान पुऱ्याई रहेको देखिन्छ । यी सबैको फल एक तिहाइले मात्र खान होइन चाख्न पाएका छन् । सरकारले प्रति परिवार १० कठ्ठा जग्गा जमिन उपलब्ध गराउनु समस्याको दरिलो समाधान हो भने सबैलाई सीपमूलक तालिम दिएर आय आर्जनमा लगाउनु उनीहरूलाई बाँच्ने आधार प्रदान गर्नु हो ।

युनेस्को, (२००९) मुक्त कमैयाका बालबालिकाको शैक्षिक स्थिति सुधार गर्न विशेष अनौपचारिक शिक्षा मार्फत औपचारिक शिक्षामा प्रवेश गराउनु पर्दछ । कम्तिमा बि.ए. सम्मको शिक्षा निःशुल्क प्रदान गर्नु तथा रोजगार एवं विभिन्न क्षेत्रमा क्षमता र योग्यता अनुसार केही सिट आरक्षण गर्नुले पनि उनीहरूमा सुधार आउँछ । सरकारी जागरी सेना, प्रहरी र वैदेशिक रोजगारमा पनि मुक्त कमैयाका युवायुवतीलाई आरक्षण र प्राथमिकता दिइनु पर्दछ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

वर्तमान विज्ञान र प्रविधिको युगमा रोजगारीको नाममा शोषण हुनु न्यून शैक्षिक योग्यताका कारणले जमिनदारका घरमा श्रमिक बन्नु दुःखद पक्ष हो । राष्ट्रमा दक्ष मानवीय संसाधनको अभाव भैरहेको परिस्थितिमा सुविधा र अवसरको अभावले जनशक्ति उत्पादन हुन नसक्नु एक सोचनीय विषय बनेको छ । मुक्त कमैयाका बालबालिकाहरूले उचित मार्ग दर्शन र शैक्षिक अवसर नपाएर विभिन्न विसंगतितर्फ उन्मुख हुन सक्ने सम्भावनालाई कम गरी उनीहरूको जीवन सफल र सार्थक बनाउन कसरी सकिन्छ भन्ने लक्ष्य लिएर मुक्त कमैयाका बालबालिकाको शैक्षिक स्थितिलाई अध्ययनको विषयवस्तुको रूपमा लिइएको हो ।

नेपालको पश्चिम तराई जिल्लामा बसोबास गर्ने मुक्त कमैयाहरूको बारेमा प्रशस्त लेख, रचना, पुस्तक प्रकाशन हुन सकेका छैनन् । वि.स. २०४६ सालपछि विभिन्न बहाना र नाममा कमैयाहरू संगठित हुन थालेपछि मात्र केही पुस्तक, लेख, रचना, प्रतिवेदनहरू प्रकाशन भएका छन् ।

कुनै पनि खोजको अनुसन्धान गर्दा विभिन्न पूर्व प्रतिपादित सिद्धान्तहरूलाई आधार बनाएर शोध कार्यलाई पूर्णता दिनु पर्दछ । ती सिद्धान्तहरूमध्ये आफ्नो विषय वा समस्यासँग जुन सान्दर्भिक हुन्छ, त्यसैलाई अवलम्बन गर्नु पर्दछ । Plerre Bourdieu द्वारा प्रतिपादित Culture Capital Theory अनुसार उच्च वर्गको संस्कृति र निम्न वर्गको संस्कृतिमा भिन्नता हुने कुरा प्रष्ट पारिएको छ । निम्न वर्ग विभिन्न क्षेत्रमा पछाडि पर्नुमा संस्कृति र संस्कार दोषी हुँदैन । बरू संस्कृति नमिलेको शिक्षाले असफल बनाएको हो। किनकि शिक्षा प्रणाली स्वतः समाजमा रहेका उच्च वर्गको संस्कृतिको प्रभुत्व रहेको हुन्छ ।


समाजमा विभिन्न स्थान, संस्कृति र रूचि भएका व्यक्ति वा समूह हुन्छन् । उच्च वर्गको संस्कृति एउटै भएकाले उच्च वर्गीय पृष्ठभूमि भएका विद्यार्थीले अवसरको बढी फाइदा लिएका हुन्छन् । जहाँ श्रमिक वर्गको ज्ञान सीप क्षमता अवमूल्याङ्कन हुन्छ र श्रमिक वर्ग सामाजिक र आर्थिक पक्षमा कमजोर हुँदै जाँदा असमानता पुस्तौं पुस्तासम्म विद्यमान हुन्छ ।

यसरी मुक्त कमैयाको विविध पक्षलाई दृष्टिगत गर्दा यस अध्ययनमा मुक्त कमैयाका बालबालिकाहरुको जीवनस्तरमा सुधार ल्याउन एल्टन मायोद्वारा प्रतिपादित मानव सम्बन्ध सिद्धान्तको उपयोग गरिएको छ । मायोका अनुसार समाजमा रहेका विभिन्न वर्गहरुको बीचमा सुमधुर सम्बन्ध स्थापित हुनु पर्दछ । समाजमा रहेका हरेक वर्गको उन्नति र प्रगतिमा मानवबीचको सुमधुर सम्बन्धले निकै सहयोग पुऱ्याउँछ । कुनै पनि समस्या वा विषयको बारेमा खोज अनुसन्धान गर्दा त्यससँग सम्बन्धित उद्देश्य पूरा गर्नका लागि व्यक्ति वा संस्थाले आफ्नो कार्यसँग सम्बन्धित व्यक्तिहरुसँग राम्रो सम्बन्ध राख्नु पर्दछ । मानव सम्बन्धको सिद्धान्त अनुसार मैले मेरो अध्ययनको सिद्धान्तको रुपमा प्रयोग गर्दा मुक्त कमैयाका बालबालिकाहरुको शैक्षिक स्तर सुधार गरी जीवनस्तर माथि उठाउन यस सिद्धान्त निकै उपयोगी हुने देखिन्छ ।

यस सिद्धान्त अनुसार यथार्थ पत्ता लगाउन सम्बन्धित पक्षसँग समन्वय, सहभागिता, दोहोरो र वास्तविक सञ्चार प्रणाली अपनाउनु पर्छ । उनीहरुमा माया ममता, स्नेह, सम्मान, सत्कार जस्ता मानवीय भावना राख्दै, कार्य गर्दै यस अध्ययनमा राखिएको उद्देश्य पूरा गर्न र ज्ञान अभिवृद्धि गराउन शिक्षक, अभिभावक, विद्यार्थी र उच्च तथा निम्न वर्ग बीच सुमधुर सम्बन्ध स्थापित गरी शैक्षिक स्थितिको वास्तविकता पत्ता लगाई त्यसको अभिवृद्धि गर्न सकिने हुनाले शैक्षिक क्षति कम हुन जाने कुरामा विश्वास लिइएको छ । जसको उद्देश्य पुरा गर्नका लागि शैद्धान्तिक खाकाको रुपमा निम्न चित्र प्रस्तुत गरिएको छ ।

**चित्र नं. १**

**अध्ययनको सैद्धान्तिक खाका**




माथीको चित्रमा विद्यार्थीको शैक्षिक उपलब्धि र विद्यालयको पहुच विभिन्न वर्गका बालबालिकाको समान हुदैन समाजमा उच्च वर्गका बालबालिकाहरु विद्यालयमा उपस्थित भई आफ्नो अध्ययन अध्ययपनलाई पुर्णता दिन उनीहरुको आर्थिक सवलता र उच्च सामाजिक वातावरण ले सहयोग पुऱ्याएको हुन्छ । यसै कारणले उनीहरुको शैक्षिक उपलब्धि राम्रो हुन्छ भन्ने कुरा वाण चिन्ह द्वारा देखाइएको छ । सामाजिक पछ्यौटेपन, आर्थिक दुर्लभताले गर्दा निम्न वर्गका बालबालिकाहरुको विद्यालयको पहुच र शैक्षिक उपलब्धि कमजोर हुन्छ भन्ने कुरा डट वाण चिन्ह द्वारा देखाइएको छ । मुक्त कमैयाहरु निम्न वर्गका रहेकाले उनीहरुका बालबालिकाहरुको शैक्षिक स्थितिलाई वृद्धि गर्न आवश्यक देखिएकोले सैद्धान्तिक खाकाको रुपमा माथीको चित्र लिइएको हो ।

## २.३ पुनरावलोकनको उपादेयता

कुनै पनि विषयवस्तु समस्या आदिको बारेमा लेखिएको विभिन्न लेख, रचना पुस्तक, प्रतिवेदन आदिलाई साहित्य भनिन्छ । यस्ता साहित्यको अध्ययनबाट त्यसमा रहेका सवल र दुर्वल पक्षको पहिचान भई सवल पक्षलाई आफ्नो शोध विषयमा परिमार्जित रूपमा प्रयोग गर्न सकिन्छ । यस्ता साहित्यहरूको पुनरावलोकन गर्नु कुनै पनि शोधकर्ताको महत्वपूर्ण कार्यको रूपमा रहेको हुन्छ । मैले मुक्त कमैयाका बालबालिकाहरूको शैक्षिक अवस्थाको अध्ययनको क्रममा विभिन्न सम्बन्धित साहित्यहरुको अध्ययनले खोज अनुसन्धानको विषयमा मार्ग निर्देश गरेको छ ।

विभिन्न पूर्व साहित्यहरुमा प्रयोग गरिएका विभिन्न तथ्याङ्कहरुबाट तिनीहरुमा रहेका कमी कमजोरी पत्ता लगाई विषयवस्तु अनुसार उद्देश्य पूरा गर्नु तथ्याङ्कहरुलाई कसरी र कुन विधिबाट संकलन र व्यवस्थीत गर्ने साथै सैद्धान्तिक खाकाहरुको खोजी गरी अनुसन्धानको विषय अनुसार उपयोगी भए नभएको र त्यसमा के-कस्ता कमी कमजोरीहरु छन् साथै यी सैद्धान्तिक खाकामा रहेका विचलनहरुलाई हटाई आफ्नो खोज अनुसन्धानको विषयको सैद्धान्तिक खाका छनौट गर्न र अनुसन्धानमा हुने सक्ने दोहोरोपनको समस्या हटाइ नयाँ विषयवस्तुको बारेमा सोधकर्तालाई खोजि गर्न मार्ग निर्देशनका लागि पूर्व साहित्यको अध्ययन निकै उपयोगी हुन्छ ।

# परिच्छेद तीन :

# अध्ययन विधि

## ३.१ अनुसन्धात्मक ढाँचा

यो अध्ययन मुक्त कमैयाका बालबालिकाहरुको शैक्षिक स्थिति वृद्धि गर्नलाई गरिएको खोज अनुसन्धानको रुपमा रहेको छ । यसमा विषयसँग सम्बन्धित विभिन्न तथ्याङ्कहरुलाई संकलन गरि वैज्ञानिक ढङ्गबाट व्याख्या, विश्लेषण गरि अध्ययनलाई पूर्ण बनाइएको छ । खोजीको विषयलाई पूर्णता दिन प्रयोग गरिने विभिन्न ढाँचाहरु मध्ये यसमा गुणात्मक ढाँचाको प्रयोग गरिएको छ ।

## ३.२ जनसङ्ख्या र नमूना छनोट

कुनै पनि खोज अनुसन्धानका लागि खोजको विषयसँग सम्बन्धित जनसङ्ख्याको विविध पक्षको बारेमा जानकारी लिनु नितान्त आवश्यक हुन्छ । खोजसँग सम्बन्धित सम्पूर्ण जनसङ्ख्यालाई प्रतिनिधित्व गर्ने गरी समय र साधन श्रोत उपयोगी जनसङ्ख्या छनोट गर्नु पर्दछ । जनसंख्या छनौट गर्दा मुक्त कमैया २५ जना, विद्यालयका प्रधानाध्यापक ७ जना, मुक्त कमैयाका बालबालिकाहरुले अध्ययन गर्ने अध्ययन क्षेत्रका विद्यालयका ५/५ जना बालबालिका जम्मा ३५ जना, तिनीहरुलाई सहयोग गर्ने संस्था प्रमुख ५ जना गरी जम्मा ७२ जनालाई अध्ययनको जनसङ्ख्याको रूपमा लिएको छ र तिनीहरूबाट प्राप्त जानकारीलाई व्याख्या विश्लेषण गर्दै आफ्नो अध्ययनलाई पूर्ण बनाइएको छ ।

## ३.३ तथ्याङ्क संकलनका साधनहरू

खोज अनुसन्धानसँग सम्बन्धित तथ्याङ्कहरू प्राथमिक श्रोत र द्वितीय श्रोत दुवैबाट सङ्कलन गरिने भएकाले तथ्याङ्क सङ्कलन साधनका रूपमा निम्न साधनहरूको उपयोग गरिएको छ ।

(क) अन्तरवार्ता सर्वेक्षण फारम : मुक्त कमैयाको बालबालिकाको शैक्षिक स्थिति, उनीहरुको आर्थिक अवस्था एवं विद्यालय जाने नजाने कारण पत्ता लगाउन र उनीहरु मुक्त हुनुभन्दा अगाडि कुन ठाउँमा कसरी बसिरहेका थिए भन्ने कुरा पत्ता लगाउन सर्वेक्षण फारमको आधार २५ जना घरमूलीसँग अन्तरवार्ता लिन अनुसुचि ४ र५ प्रयोग गरिएको छ ।

(ख) अन्तरवार्ता प्रश्नावली : मुक्त कमैयालाई सहयोग गर्ने विभिन्न संघ संस्था र उनीहरुले गरिरहेको सहयोगको बारेमा जानकारी लिन र विद्यालयमा मुक्त कमैयाका बालबालिकाहरुलाई अन्य वर्गहरुले गर्ने व्यवहार एवं विद्यालयप्रति उनीहरुको रूचि तथा उनीहरुलाई आइपर्ने समस्याहरु पत्ता लगाउन विभिन्न प्रश्नपत्रहरु तयार गरी मुक्त कमैयाका बालबालिकाका लागि अर्न्तवार्ता प्रश्नावली अनुसुचि १ तयार गरी तथ्याङ्क संकलन गरिएको छ ।

(ग) प्रश्नावली :- मुक्त कमैयाका बालबालिकाहरुको विद्यालयमा कक्षागत भर्ना कक्षा दोऱ्हाउने र विद्यालय छाड्ने स्थितिको बारेमा जानकारी लिन ७ वटा विद्यालयका प्रधानाध्यापनक बाट प्रश्जनवली मार्फत तथ्याङ्क संकलन गरिएको थियो साथै मुक्त कमैयाका बालबालिकाहरुलाई प्राप्त भएको सहयोगको बारेमा तथ्याङ्क गर्न संस्थाका प्रमुखबाट प्रश्नावली मार्फत तथ्याङ्क संकलन गरिएको थियो जुन अनुसुचि २ र ३ मा देखाइएको छ ।

## ३.४ तथ्याङ्कको श्रोत

यस शोधपत्र तयारीका क्रममा प्राथमिक तथा द्वितीय गरी २ प्रकारका तथ्यांक स्रोतहरुलाई छनोट गरिएको छ :

**प्राथमिक तथ्याङ्क** : प्राथमिक तथ्याङ्क अन्तर्गत छनोट गरिको अध्ययन स्थलमा अध्ययनकर्ता प्रत्यक्ष उपस्थित भई छलफल, अन्तरवार्ता, प्रश्नावलीद्वारा तयार गरिएको तथ्याङ्कलाई तथ्याङ्कको प्राथमिक स्रोत अन्तर्गत राखिएको छ जसलाई अनुसूचि ( १-५) मा प्रस्तुत गरिएको छ ।

**द्वितीय तथ्याङ्क** : छनोट गरिएको अध्ययन स्थलको प्रतिवेदन, विभिन्न पत्रपत्रिका, सर्वेक्षण फारम, विद्यालयको तथ्यांकफारुमहरुलाई द्वितीय तथ्याङ्क अन्तर्गत राखिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

तथ्याङ्क सङ्कलन गर्नका लागि मुक्त कमैया बालबालिकालाई शिक्षा क्षेत्रमा सहयोग पुऱ्याउने विभिन्न संघ संस्थाका सहजकर्तासँग र मुक्त कमैयाहरूसँग बालबालिकाहरूको शैक्षिक अवस्थाको बारेमा आइपर्ने विविध समस्या र समाधानका उपायमा केन्द्रित रहेर अन्तरवार्ता लिइएको थियो भने विद्यार्थीको पढाईप्रतिको अभिरूचि र विद्यालयमा सहभागिताको बारेमा तथ्याङ्क सङ्कलन गर्न सान्दर्भिक प्रश्नावली बनाई प्रश्न सोधिएको थियो । त्यसै गरी द्वितीय तथ्याङ्क अन्तर्गत रहेर विद्यार्थीहरूको सिकाइ उपलब्धि र लगानी सम्बन्धमा विद्यालयका प्र.अ. र सम्बन्धित संघ संस्थाका कर्मचारीलाई भेटघाट गरी तथ्याङ्क सङ्कलन गरिएको थियो । विद्यार्थीहरूको शैक्षिक पक्षमा, आर्थिक र सामाजिक वातावरणले समेत प्रभाव पार्ने हुनाले मुक्त कमैयाका बस्तीहरूमा गएर प्रत्यक्ष अवलोकनबाट पनि तिनीहरूको विविध पक्षको बारेमा तथ्याङ्क सङ्कलन गरी आफ्नो शोध कार्यलाई पूर्णता दिई निष्कर्ष निकालिएको थियो ।

## ३.६ तथ्याङ्कको विश्लेषण प्रक्रिया

कुनै पनि विषय या समस्याको बारेमा खोज अनुसन्धानका लागि सङ्कलन गरिएका तथ्याङ्कहरूमध्ये कतिपय अव्यवहारिक अस्पष्ट, अनावश्यक र आवश्यक भन्दा बढी पनि हुन सक्छन् । यसैले सङ्कलन गरिएका तथ्याङ्कहरूलाई विभिन्न किसिमबाट प्रस्तुत गरी व्याख्या र विश्लेषण गरी प्रशोधन समेत गरेर तथ्याङ्कलाई स्पष्ट, अर्थपूर्ण, व्यवस्थित र व्यवहारिक बनाउनु पर्ने हुन्छ । विषय अनुसार विश्लेषण विधि पनि फरक-फरक हुन्छन् ।

तथ्याङ्क सङ्कलन गर्न प्रयोग गरिएका साधन र तथ्याङ्कको स्वरूपको आधारमा गुणात्मक ढंगबाट तथ्याङ्क विश्लेषण गरिएको छ । Qualitative Process अनुसार कोरा तथ्याङ्कहरूलाई छानबिन गरेर अनावश्यक र अस्पष्ट तथ्यहरू हटाइएको छ । शोध विषयसँग सम्बन्धित सूचनालाई साधन र अध्ययनको जनसङ्ख्याको भिन्नताको आधारमा समूहीकरण गरिएको थियो । तथ्याङ्कलाई गुणात्मक पक्षबाट विश्लेषण गरी उद्देश्य केन्द्रित बनाउन सान्दर्भिक सिद्धान्तको आधारमा पूर्व निर्धारित सिद्धान्तसँग जोड्ने प्रयास गरिएको छ । यसरी तथ्याङ्कलाई विश्लेषण गरी निष्कर्षमा पुग्न गुणात्मक विश्लेषणको प्रयोग गरिएको छ ।

## परिच्छेद चार :

## तथ्याङ्कको व्याख्या र  विश्लेषण

कुनै पनि विषयमा खोज अनुसन्धान गरी निष्कर्षमा पुग्नका लागि त्यससँग सम्बन्धित तथ्याङ्कहरूको सङ्कलन गरेर संकलित तथ्याङ्कलाई विभिन्न तरिकाबाट प्रस्तुत गरी व्याख्या र विश्लेषण गर्नु आवश्यक हुन्छ । व्याख्या र विश्लेषणका आधारमा अध्ययन अनुसन्धानको उद्देश्य पूरा गरिन्छ । व्यवस्थित प्रस्तुतीकरणबाट व्याख्या, विश्लेषण गर्न सहज भै निष्कर्षमा पुग्न समेत सरल र सजिलो हुन्छ । यसैले यस अध्यायमा विभिन्न श्रोतबाट प्राप्त भएका प्राथमिक र द्वितीय तथ्याङ्कलाई व्यवस्थित रूपमा प्रस्तुत र व्याख्या विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### ४.१ मुक्त कमैयाका बालबालिकाको विद्यालय सहभागिता

मुक्त कमैयाका बालबालिका समस्या, तिनीहरूको साक्षरता र निरक्षरताको अवस्था, विद्यालयमा भर्नादर र बीचैमा विद्यालय छोड्ने तथा कक्षा दोहोऱ्याउनेको अवस्था, अध्ययनबाट मुक्त कमैयाका बालबालिकाको विद्यालय सहभागिता झल्कने भएकाले प्राप्त तथ्याङ्कहरूलाई निम्न अनुसार उपशीर्षकमा विभाजन गरी  व्याख्या र विश्लेशण बाट मुक्त कमैयाहरुको विद्यालय सहभागिता प्रस्तुत गरिएको छ ।

#### ४.१.१ मुक्त कमैयाका बालबालिकाको कक्षागत स्थिति

शिक्षा मानव जीवनको अभिन्न अङ्ग हो । समाज विकास र परिवर्तनको आधारशिला पनि शिक्षा हो । शिक्षाले व्यक्तिमा रहेका प्रतिभालाई परस्फुटन गराई राष्ट्र निर्माणका लागि मानवीय संसाधनको उत्पादन गर्दछ । आजका विद्यालय उमेरका विद्यार्थी भोलि राष्ट्र निर्माणका कर्णधार हुन् । जबसम्म देशमा असल र सक्षम मानव संसाधनको उत्पादन हुन सक्दैन, तबसम्म देशले अग्रगति लिन सक्दैन । देशमा बसोबास गरेका सम्पूर्ण बालबालिकाले शिक्षा प्राप्त गर्न पाउनु उनीहरूको जन्मसिद्ध अधिकार हो । मुक्त कमैयाका बालबालिकाहरूको शैक्षिक स्थिति को

बारेमा अध्ययन गर्ने क्रममा छनौटमा परेका ७ वटा विद्यालयहरु रहेका ७ वटा गविसमा मुक्त कमैयाका बालबलिकाहरुको अध्ययन गर्दा उनीहरुको स्थिति निम्न अनुसार पाईयो ।

**तालिका नं. १**

**मुक्त कमैयाका बालबालिकाको कक्षागत स्थिति**

| शिक्षाको तह | छात्र | प्रतिशत | छात्रा | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| कक्षा १-५ | 959 | 17.31 | 812 | 14.66 | 1771 | 31.95 |
| कक्षा ६-८ | 712 | 12.85 | 759 | 31.70 | 1471 | 26.55 |
| कक्षा ९-१० | 102 | 1.84 | 146 | 2.64 | 248 | 4.48 |
| एसएलसी | 16 | 0.28 | 19 | 0.34 | 35 | 0.62 |
| कक्षा ११ - १२ | 2 | 0.04 | 1 | 0.02 | 3 | 0.06 |
| **निरक्षर** | **627** | **11.34** | **1385** | **25** | **2012** | **36.34** |
| **जम्मा** | **2418** | **43.66** | **3122** | **56.44** | **5540** | **100** |

स्रोत : स्थलगत अध्ययन २०६७

माथिको तालिकाको अध्ययन गर्दा अध्ययन क्षेत्रभित्र पर्ने ७ वटा विद्यालयहरु रहेका ७ वटा गा.वि.स.का विद्यालय उमेरका जम्मा ५५४० जना विद्यार्थीहरूमध्ये ३५२८ जनाले मात्र विद्यालय प्रवेश पाएका छन् भने २०१८ जना अझै विद्यालयको पहुँचभन्दा बाहिर रहेको पाईयो । तहगत रूपमा विद्यार्थीको अवस्थाको अध्ययन गर्दा प्रा.वि. तहमा ३१.९७ प्रतिशत, नि.मा.वि. तहमा २६.५५प्रतिशत, मा.वि. तहमा ४.४८ प्रतिशत र एस.एल.सी. उत्तीर्ण गरेका ०.६२ प्रतिशत विद्यार्थी देखिन्छ भने कक्षा ११ र १२ मा एस.एल.सी. पास गरेकामध्ये जम्मा ३ जनाले मात्र अध्ययन गरिरहेको र सोभन्दा माथिल्लो तहमा हालसम्म अध्ययन गर्ने विद्यार्थी नभएको तथ्य तालिकाले देखाउँछ ।

**४.१.२. तहगत मुक्त कमैयाका बालबालिकाले विद्यालय छोड्ने स्थिति**

विभिन्न खोज अनुसन्धानका क्रममा मुक्त कमैयाका अधिकांश बालबालिकाहरूले विद्यालयको मुख हेर्न पाएका छैनन् भने जो-जति विद्यालय गएका छन् तिनीहरूको विद्यालय छोड्ने दर उच्च छ । प्राथमिक तहमा अध्ययनको अवसर पाएका ३१.९७ प्रतिशत मुक्त कमैयाका बालबालिकाहरू नि.मा.वि. तहमा २६.५५प्रतिशत ले अध्ययन गर्दै गरेको तथ्याङ्कले देखाएको छ भने मा.वि. तहमा आउँदा सो संख्यामा ४.४८ प्रतिशत रहेको छ । उच्च मा.वि.मा नगन्य रूपमा अध्ययन र सोभन्दा माथिल्लो तहमा शिक्षाको अवसर प्राप्त गर्न नसकेका मुक्त कमैयाका बालबालिकाको स्थिति तालिका नं. १ बाट स्पष्ट पारिएकोछ । यसबाट मुक्त कमैयाका बालबालिकाको क्रमशः माथिल्लो तहमा जाँदा विद्यालय बीचैमा छाड्ने दर उच्च रहेको प्रमाणित हुन्छ ।

### ४.१.३ साक्षर र निरक्षरताको तुलनात्मक स्थिति

मुक्त कमैयाका बालबालिकाहरूको शैक्षिक अवस्था निकै नाजुक रहेको तथ्य प्राप्त तथ्याङ्कले देखाएको छ । एक अध्ययन अनुसार दाङका ७ वटा गा.वि.स. हरुमा मुक्त कमैयाहरूको बसोबास छ । ती गा.वि.स.को अभिलेखको प्राप्त तथ्याङ्कलाई प्रस्तुत गरी विश्लेषण गर्दा विद्यालय उमेरमा जम्मा ५५४० जना विद्यार्थीहरूमध्ये ३५२८ जनाले विद्यालयमा भर्नाको अवसर पाएका छन् वा साक्षर बन्ने अवसर प्राप्त गरेका छन् भने २०१२ अर्थात ३६.३४प्रतिशत अझै विद्यालय सेवाबाट बञ्चित रहेको तथ्य तालिका १ बाट प्रष्ट छ ।

### ४.१.४ छनोटमा परेका विद्यालयका विद्यार्थीहरूको लैङ्गिक सहभागिता

मुक्त कमैयाका बालबालिकाहरूको शैक्षिक स्थिति थाहा पाउन त्यसका समस्या तथा समाधानका खोजीको लागि दाङ जिल्लाका मुक्त कमैयाहरू बसोबास गरेर ७ गा.वि.स.का ७ वटा सामुदायिक माध्यमिक विद्यालयहरू उद्देश्यमूलक छनोट विधिका आधारमा छनोट गरी मानव सम्बन्धको सिद्धान्तका आधारमा विभिन्न तथ्याङ्कहरू संकलन गरी खोज अनुसन्धान कार्य गरिएको थियो । जस अनुसार छनोटमा परेका विद्यालयहरूमा जम्मा विद्यार्थी र मुक्त कमैयाका विद्यार्थीको विद्यालयमा लैङ्गिक सहभागिता निम्न अनुसार प्राप्त भएको थियो ।

तालिक नं. २

विद्यार्थीहरूको लैङ्गिक सहभागिता

| विद्यालय | जम्मा विद्यार्थी | | | मुक्त कमैयाका विद्यार्थी | | |
|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| श्री उ.मा.वि. नारायण | 822 | 1040 | 1862 | 18 | 22 | 40 |
| श्री उ.मा.वि. भरतपुर | 685 | 714 | 1399 | 7 | 8 | 15 |
| श्री उ.मा.वि. रझेना | 502 | 688 | 1190 | 17 | 21 | 38 |
| श्री उ.मा.वि. देउपुर | 822 | 875 | 1697 | 65 | 70 | 135 |
| श्री उ.मा.वि. वनगाउँ | 648 | 752 | 1400 | 14 | 15 | 29 |
| श्री मा.वि. ढिकपुर | 375 | 412 | 787 | 10 | 16 | 26 |
| श्री उ.मा.वि. लालमरिया | 714 | 822 | 1536 | 50 | 68 | 118 |
| **जम्मा** | **4568** | **5303** | **9871** | **181** | **220** | **401** |
| **कूल प्रतिशत** | **46.27** | **53.73** | **100** | **1.84** | **2.23** | **4.07** |

स्रोत : विद्यालय अभिलेख स्थलगत अध्ययन २०६७

माथिको तालिकालाई व्याख्या गर्दा छनोटमा परेका हरेक विद्यालयमा छात्र सहभागिताभन्दा छात्रा सहभागिता बढी देखिन्छ । यसको मूल कारण के हो त भनी अध्ययनमा प्राप्त भएका जानकारीका आधारमा विश्लेषण गर्दा संस्थागत विद्यालयमा छोरा पढाउने र छोरीलाई सामुदायिक विद्यालयमा पढाउने अभिभावकको लैङ्गिक विभेदको मनोभावले गर्दा हो भन्ने पुष्टि हुन्छ भने दरिद्रता र अभावमा महिलाभन्दा पुरूषको जिउने क्षमता कम भएका कारणले मुक्त कमैयाका विद्यार्थीहरूमा पनि छात्रभन्दा छात्राको विद्यालय सहभागिता बढी देखिन्छ । जसअनुसार अध्ययन क्षेत्रका विद्यालयमा ४६.२७ प्रतिशत छात्र, ५३.७३ प्रतिशत छात्राले

अध्ययन गरिरहेका छन् भने मुक्त कमैयाहरूका विद्यार्थीमा कूल विद्यार्थी संख्याको १.८४ प्रतिशत छात्र र २.२३ प्रतिशत छात्राले विद्यालयमा अध्ययन गरिरहेको पाइन्छ ।

### ४.१.५ सिकाइ उपलब्धिको अवस्था

विद्यालयमा विद्यार्थीहरू भर्ना भएपछि पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धिहरू हासिल गर्न सक्षम हुनु पर्दछ । बीचैमा विद्यालय छोडेमा सिकाइ उपलब्धि न्यून हुन्छ । त्यसबाट शैक्षिक गुणस्तर माथि उठ्न सक्दैन ।

मुक्त कमैयाका विद्यार्थीहरू र अन्य विद्यार्थी बीचको सिकाइ उपलब्धिको बारेमा छनौटमा परेका विद्यालयहरुको मुक्त कमैयाको र अन्य विद्यार्थीहरुको सिकाइ उपलब्धि ७०० पूर्णाङ्कलाई आधार मानी गरिएको थियो । जसबाट प्राप्त उपलब्धिलाई निम्न अनुसार तालिकामा देखाईएको छ ।

**तालिका नं. ३**

**सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन**

| क्र.स. | विद्यालयको नाम | मुक्त कमैयाको शैक्षिक उपलब्धि | अन्य विद्यार्थीको शैक्षिक उपलब्धि | जम्मा शैक्षिक उपलब्धि |
|---|---|---|---|---|
| 1 | श्री उ.मा.वि. नारायण | 25 | 60 | 85 |
| 2 | श्री उ.मा.वि. भरतपुर | 8 | 45 | 53 |
| 3 | श्री उ.मा.वि. रझेना | 20 | 55 | 75 |
| 4 | श्री उ.मा.वि. देउपुर | 7 | 45 | 52 |
| 5 | श्री उ.मा.वि. वनगाउँ | 15 | 70 | 85 |
| 6 | श्री मा.वि. ढिकपुर | 20 | 70 | 90 |
| 7 | श्री उ.मा.वि. लालमरिया | 10 | 50 | 60 |

| | | | | |
|---|---|---|---|---|
| | **जम्मा** | **105** | **385** | **490** |
| | **कूल प्रतिशत** | **15** | **55** | **70** |

स्रोतः स्थलगत अध्ययन २०६६

माथिको तालिकाको अध्ययन गर्दा ७०० पूर्णाङ्कलाई आधार मानि २०६६ को वार्षिक नतिजाको आधारमा मुक्तकमैयाकाबालबालिकाको शैक्षिक उपलब्धि अध्ययन क्षेत्रका विद्यालयमा १५प्रतिशत र अन्य विद्यार्थीहरुको शैक्षिक उपलब्धि ५५ प्रतिशत पाईयो । जसको व्याख्या विश्लेषण गर्दा अन्य विद्यार्थीहरुको तुलनामा मुक्त कमैयाका बालबालिकाको शैक्षिक उपलब्धि निकै कम पाईयो ।

## ४.२ मुक्त कमैयाका बालबालिकाको शिक्षा प्राप्तिका समस्या र चुनौति

शिक्षा मानव जीवनको अभिन्न अङ्ग हो जसलाई सहजै प्राप्त गर्न सकिदैन । विद्यालयको विभिन्न भौतिक, शैक्षिक सुविधा, घर-परिवारको शिक्षा, आर्थिक अवस्था, सांस्कृतिक रीतिरिवाज, अभिभावकको पेश परिवारको आकार लगायत सामाजिक मूल्य र मान्यताहरूको समेत महत्वपूर्ण भूमिका हुन्छ । यसैले यस शीर्षकमा मुक्त कमैयाका बालबालिकालाई शिक्षा प्राप्तिमा प्रभाव पार्ने निम्न अवस्थाहरूको अध्ययन तथा व्याख्या विश्लेषण गर्न आवश्यक देखिएकोले तपसिल बमोजिम उपशीर्षक विभाजनका आधारमा अध्ययन अगाडि बढाउने प्रयास गरिएको छ ।

### ४.२.१ बसोबासको समस्या

उचित बसोबास हरेक व्यक्ति परिवारको पहिलो आधार हो । मानवअधिकारको विश्व व्यापी घोषणापत्र २०४८ ले मानिस जन्मजात स्वतन्त्र हुने र उसले स्वतन्त्र रूपले बसोबास गर्न तथा विचार व्यक्त गर्न पाउने अधिकार सुनिश्चित गरिएको छ । घोषणा पत्रको धारा १३ ले प्रत्येक व्यक्तिलाई आफ्नो देशभित्र स्वतन्त्र रूपले बसोबास गर्ने अधिकार हुनेछ भनेर स्पष्ट गरेको छ ।

नेपालमा कानुनतः कमैयाहरू मुक्ति भएको करिब एक दशक पुगिसक्दा पनि उनीहरूको उचित बसोबासको व्यवस्था हुन सकेको छैन । कमैया प्रथाबाट पीडित ५ जिल्लाका दर्जनौं शिविरमा मुक्त कमैयाहरूले दुःखदायी जीवन व्यतित गरिरहेका छन् । जसको असर उनीहरूको बालबालिकाको स्वास्थ्य र शिक्षामा परिरहेको छ । जसको वसाई स्थिति निम्न अनुसार पाईयो ।

**तालिका नं. ४**

**कमैयाको वर्ग विभाजन**

| वर्ग | अवस्था |
|---|---|
| क | घर जग्गा नभएका |
| ख | ऐलानीमा झुपडी भएका |
| ग | २ कट्ठासम्म लम्बरी जग्गा भएका |
| घ | २ कट्ठाभन्दा बढी लम्बरी जग्गा भएका |

स्रोतः मुक्त कमैया विवरण २०६७

### ४.२.२ जीविकाको समस्या

साँझ बिहानको हातमुख जोर्नु र दैनिक समस्या हल गर्नुलाई जीविका भनिन्छ । मुक्त कमैयाहरूसँग जीविका धान्न सक्ने जग्गा नहुनुको कारणले दिनभर ज्याला मजदुरी गरेर जेनतेन छाक टार्ने र प्राण बचाउने सम्म गरेको पाइन्छ । मानव शरीरलाई चाहिने सन्तुलित भोजनको अभाव र बावुआमा जीविकाका लागि अरूको मेला पर्वमा जानु पर्ने बाध्यताले मुक्त कमैयाका बालबालिकाले शिक्षाको उचित अवसर प्राप्त गर्न सकेका छैनन् । यसैले आर्थिक विपन्नता पनि उनीहरूको शैक्षिक उन्नतिको समस्याको रूपमा रहेको छ ।

### ४.२.३ स्वास्थ्यको समस्या

स्वास्थ्य मानव जीवनको अमूल्य धन हो । मुक्त कमैयाहरूको स्वास्थ्यको बारेमा अध्ययन गर्दा गम्भीर समस्या रहेको पाइयो । अव्यवस्थित बस्ती, उचित र पर्याप्त पानीको अभाव, शौचालयको कमी, आङ ढाक्ने गतिलो कपडा र उचित खानपानको अभावले उनीहरूको स्वास्थ्य स्थिति दिन प्रतिदिन चिन्ता ग्रस्त बन्दै गएको छ । शिविरमा बाल बच्चा र बृद्धहरू बिरामी परिरहनु र यिनीहरूको मृत्युदर बढी हुनुले मुक्त कमैयाको बालबालिकाको स्वास्थ्यमा पनि नकारात्मक असर परिरहेको छ । 'Healthy Mind in Healthy Body' को सिद्धान्त विपरीत मुक्त कमैयाका बालबालिकामा Bad mind in dirty body ले गर्दा उनीहरू

बिरामी परी विद्यालय जान समेत नसक्ने अवस्थामा भेटिए । यसैले स्वास्थ्य पनि मुक्त कमैयाका बालबालिकाको शिक्षा आर्जनको समस्या हो ।

### ४.२.४ शिक्षाको अभाव

शिक्षा मावन जीवनयापनको एक महत्वपूर्ण तत्व हो । जसले स्वस्थ जीवनयापन र जीवनमा आईपर्ने विविध समस्याहरूलाई सहजै समाधान गर्न सक्दछ । तर मुक्त कमैयाहरू जमिनदारको घरमा बसी उनीहरूको स्याहार सुसार र घरायसी काममै व्यस्त हुनु परेका कारणले उनीहरूलाई **"कालो अक्षर भैंसी बराबर"** नै छ । जसका कारणले उनीहरूलाई शिक्षाको महत्व थाहा छैन । यसैले उनीहरू **"हलो जोती मामैमाम पढी गुनी कवनै काम"** थेगोलाई अनुशरण गर्ने गर्दछ । यसरी उनीहरूको शिक्षाको अभावले गर्दा बालबालिकाहरूलाई समेत शिक्षा आर्जन गर्नमा विभिन्न कठिनाई र चुनौतीहरू आइरहेको पाइन्छ ।

### ४.२.५ आर्थिक, सामाजिक, सांस्कृतिको समस्या

शिक्षा प्राप्तिमा घरपरिवारको आर्थिक, सामाजिक, सांस्कृति अवस्था र वातावरणले निकै प्रभाव पार्दछ । आर्थिक दृष्टिले सम्पन्न, सामाजिक दृष्टिले उच्च र असल सांस्कृतिक परम्परा भएका परिवारका बालबालिकाहरूले सहजैसँग शिक्षा आर्जन गर्न सक्दछन् । शिक्षाको संरचना पनि यस्तै सबल र सक्षम व्यक्तिले प्राप्त गर्न सक्ने किसिमको छ । जसलाई Culture Capital Theory भनिन्छ ।

मुक्त कमैयाहरू आर्थिक दृष्टिले विपन्न हातमुख जोर्ने समस्याबाट पिल्सिरहनु पर्ने, सामाजिक मूल्य र मान्यता अनुसार अझै सेवा नै आफ्नो धर्म सम्झने प्रवृति यिनीहरूमा यदाकदा देखापर्ने, घरमा अध्ययन अध्यापनभन्दा काममा रमाउने, ठूलो परिवारमा बस्ने, चाँडै विवाह बन्धनमा बाँधिने संस्कृति रहेकाले यिनीहरूको शिक्षाको स्तर वृद्धि हुन सकेको छैन । यसैले आर्थिक विपन्नता, सामाजिक कु-संस्कार र खराब सांस्कृतिक परम्परा मुक्त कमैयाका बालबालिकाको शिक्षा प्राप्ति बाधक तत्वका रूपमा रहेका छन् ।

### ४.२.६ मुक्त कमैयाको आय श्रोत प्राप्तीको समस्या

दैनिक जीवनयापनका आवश्यक वस्तुहरू प्राप्त गर्नलाई विभिन्न शारीरिक र मानसिक प्रयत्नबाट प्राप्त हुने रकमलाई आय भनिन्छ भने आय प्राप्त हुने मुहान वा क्षेत्रलाई आय श्रोत भनिन्छ ।

मुक्त कमैयाले जीवनस्तर उठाउन विभिन्न आय आर्जनका कार्यक्रम सञ्चालन गरेको र सरकारी तथा विभिन्न गैर सरकारी संस्थाबाट पनि आय वृद्धिका लागि विभिन्न कार्यक्रम सञ्चालन गरेको पाईयो तर ती कार्यक्रमको प्रभावकारिता भने न्यून रहेको छ । मुक्त कमैयाका आय श्रोतका सम्बन्धमा गरिएको एक स्थलगत अध्ययन सर्वेक्षणमा २५ जना मुक्त कमैया परिवारमध्ये आय आर्जनका अवस्था निम्न अनुसार प्राप्त भयो :

**तालिका नं. ५**

**आय आर्जनको अवस्था**

| क्र.सं. | आम्दानीको श्रोत | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | नोकरी | १ | ४ |
| २. | कृषि | ५ | २० |
| ३. | ज्याला/मजदुरी | १५ | ६० |
| ४. | अन्य | ४ | १६ |

स्रोत : स्थलगत सर्वेक्षण (२०६७)

### ४.२.७ मुक्त कमैयाका बालबालिकाको शैक्षिक उत्थानका विविध समस्याहरु

शिक्षा मानव जीवनको मेरुदण्ड हो । जुन प्राप्त गर्ने अधिकार बालकमा निहित हुन्छ तर मुक्त कमैयाको घर परिवारमा वातावरण आर्थिक पक्ष, विद्यालयको वातावरण, समाजका अन्य वर्गले गर्ने व्यवहार, स्वास्थ्य, अभिभावकको शिक्षा र चेतना आदि हुनु पर्ने सबल पक्ष भन्दा कमजोरी पक्ष रहेकाले मुक्त कमैयाका बालबालिकाहरू शिक्षाको उज्यालो घामबाट अझै बञ्चित हुनु

परेको कुरा विभिन्न खोज अनुसन्धानबाट प्राप्त भएको छ । जसमा विभिन्न व्यक्तिको राय सङ्कलन गर्ने क्रममा आर्थिक विपन्नतालाई नै प्रमुख कारक तत्वको रूपमा स्वीकार गरेको कुरा तलको एक सर्वेक्षण तालिकाबाट स्पष्ट पार्न सकिन्छ ।

**तालिका नं. ६**

**शैक्षिक उत्थानका विविध समस्याहरु**

| समस्या / उत्तरदाता | आर्थिक | वातावरणीय | सांस्कृतिक | भाषगत | अन्य |
|---|---|---|---|---|---|
| प्रध्यानाध्यापक (३०) | 28 | 26 | 22 | 15 | 18 |
| मुक्त विद्यार्थी (३५) | 34 | 30 | 25 | 12 | 15 |
| मुक्त अभिभावक ( ३५) | 30 | 33 | 20 | 18 | 25 |

स्रोत : स्थलगत सर्वेक्षण (२०६७)

माथिको तालिकालाई व्याख्या विश्लेषण गर्दा सम्बन्धित सरोकारवाला सबै पक्षले आर्थिक पक्षलाई शिक्षा प्राप्तिको प्रमुख समस्याको रूपमा र त्यसैगरी क्रमशः वातावरण, सांस्कृतिक परम्परा अन्य र भाषागत समस्यालाई न्यून रूपमा लिएको पाइन्छ ।

### ४.३ मुक्त कमैयाका बालबालिकाको शैक्षिक उत्थानका प्रमुख उपायहरू

कुनै पनि पक्षको उन्नति र विकासका लागि त्यसका बाधक तत्वहरू, समस्याहरू र समस्याका कारणहरू पहिचान गरी तिनीहरूलाई न्यूनीकरण गर्दै प्रगति, उन्नति र उत्थानका उपायहरू खोजी गर्नु पर्दछ । समाजमा सामाजिक जटिलता, वातावरणीय, आर्थिक, सांस्कृतिक, पारिवारिक, विद्यालयीय विधि पक्षमा रहेका नकारात्मक तत्वहरू मुक्त कमैयाका बालबालिकाको शिक्षा प्राप्ति, उन्नति र प्रगतिमा समस्या भएकाले यिनीहरूलाई न्यूनीकरण गरेर मुक्त कमैयाका बालबालिकाको शैक्षिक स्थितिमा सुधार गर्न सकिन्छ भन्ने सन्दर्भमा मुक्त कमैयाका

बालबालिकाहरु, प्रधानाध्यापक, सहयोगी संस्था प्रमुख र मुक्त कमैयाहरुबाट प्राप्त सुझावहरुलाई निम्नानुसार पाईयो ।

### ४.३.१ प्रधानाध्यापक बाट प्राप्त सुझावहरु

शिक्षा आर्जनका लागि आवश्यक पर्ने विभिन्न सुविधाहरूबाट मुक्त कमैयाका बालबालिका बञ्चित रहेकाले निम्न अनुसार सुविधामा वृद्धि गरेर समाधानका उपायहरू निकाल्न सकिन्छ :

(क) पायक पर्ने ठाउँमा विद्यालय खोली फुर्सद कालिन कक्षा सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

(ख) विभिन्न उमेरका बालबालिकाहरूलाई एकै ठाउँमा राखी अध्ययन अध्यापन गराउँदा कठिन हुने भएकाले ५ वर्ष मुनिका बालबालिकाका लागि शिविर नजिकै शिशु कक्षा सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

(ग) मुक्त कमैयाका बालबालिकालाई विद्यालय पोशाक, पुस्तक, कपी, कलम, खाजा र छात्रवृत्तिको व्यवस्था मिलाउने ।

(घ) स्थानीय भाषामा मुक्त कमैयाका बालबालिकाको स्तरलाई मध्यनजर गरेर विद्यालयमा अध्यापन गर्ने व्यवस्था मिलाउने ।

(ङ) मुक्त कमैयाका बालबालिकालाई योग्यता अनुसार रोजगारी दिँदा विशेष प्राथमिकता दिने व्यवस्था मिलाउने ।

(च) विभिन्न सीपमूलक तालिम सञ्चालन गरी आय आर्जनका मार्गहरू प्रशस्त गर्ने र सुलभ ढङ्गबाट पूँजीको समेत व्यवस्था मिलाउने ।

### ४.३.२ सहयोगी संस्थाका प्रमुखहरुबाट प्राप्त सुझावहरु

समाज परिवर्तनशील छ । समाजका सामाजिक मूल्य, मान्यता अनुसार आफूलाई सञ्चालन गर्न नसक्ने व्यक्ति वा वर्गलाई जीवनयापनमा विभिन्न कठिनाईहरू आइपर्दछन् । मुक्त कमैयाहरू समाजका शोषित पीडित वर्ग हुन् । जबसम्म समाजले त्यो वर्गलाई माथि उठाउन सक्दैन तबसम्म समाजको पनि उन्नति र क्रान्ति हुन सक्दैन । यसैले मुक्त कमैयाका

बालबालिकाहरूलाई शैक्षिक स्तर वृद्धि हुने निम्न अनुसारका चेतनामूलक कार्यक्रमको व्यवस्था मिलाउनु पर्दछ :

(क) "पढी गुनी कवनै काम हलो जोती मामैमाम" भन्ने थेगोबाट प्रेरित अभिभावकहरूलाई पढाइका राम्रा पक्षको बारेमा जानकारी दिने कार्यक्रम सञ्चालन गर्न पर्दछ ।

(ख) छिटो विवाह गर्ने परम्परालाई निरूत्साहित गर्ने कार्यक्रम सञ्चालन गर्नु पर्छ ।

(ग) लैङ्गिक विभेद, वर्ग विभेद, जातीय विभेद अन्त्य गर्नका लागि विभिन्न जनजागरण कार्यक्रम सञ्चालन गर्नु पर्दछ ।

(घ) बालबालिकाको स्वास्थ्य र स्याहारसुसारमा राम्रो हेरविचार गर्नु पर्ने कुरामा जोड दिनु पर्दछ ।

(ङ) मुक्त कमैयाका बालबालिकालाई घरमा पनि अध्ययन गर्ने बानीको विकास गर्ने वातावरण मिलाइ दिने सल्लाह सुझाव दिनु पर्दछ ।

(च) घरमा प्रयोग हुने जाँड रक्सीले घरपरिवारमा पार्ने प्रभावका बारेमा सन्देश दिनु पर्दछ ।

(छ) कु-संस्कार, दुर्व्यवहार, दुर्व्यसनीमा बालबालिका लाग्न सक्ने भएकाले यसमा अभिभावक सचेत रहन सक्रिय बनाउनु पर्छ ।

(ज) विद्यालयमा आफ्नो विद्यार्थीको उपस्थिति र शैक्षिक उपलब्धिका लागि पटक-पटक विद्यालयमा शिक्षक प्रधानाध्यापकसँग भेट्नु पर्ने चेतनामूलक कार्यक्रम सञ्चालन गर्नु पर्दछ ।

### ४.३.३ मुक्त कमैयाको अभिभावकबाट प्राप्त सुझावहरु

आजको युग आर्थिक युगको चरमचुलीमा पुगिसकेको छ । जोसुकैले पनि आर्थिक लाभ बिना कुनै पनि कार्यमा सक्रियता देखाउँदैन । यसैले मुक्त कमैयाहरूलाई पनि आर्थिक आकर्षण गराई बालबालिकालाई शिक्षा प्राप्त गर्ने कार्यमा सक्रिय बनाउनु पर्ने आजको आवश्यकता भैसकेको छ भने न्यून आयका कारणले पनि आर्थिक आकर्षणले चाँडो छुने र बालबालिकाले शिक्षा प्राप्त गर्ने

अवसर प्राप्त भै सभ्य र सम्बृद्ध समाजको सृजना जान्छ । जसका लागि निम्नलिखित आर्थिक वृद्धिका कार्यक्रम सञ्चालन गर्न सकिन्छ :

(क) मुक्त कमैयाका बालबालिकाको पढाइ सम्बन्धी सम्पूर्ण खर्च राज्यले बेहोर्नु पर्ने ।

(ख) समूचित छात्रवृत्तिको व्यवस्था र उच्च शिक्षासम्म निःशुल्क पाठ्यपुस्तक ।

(ग) विद्यालयमा सम्पूर्ण बालबालिका पढाउने मुक्त कमैयालाई पुरस्कार र सम्मानको व्यवस्था ।

(घ) ढिलो विवाह गर्ने मुक्त कमैयालाई विवाह खर्चको व्यवस्था राज्यबाट ।

(ङ) विद्यालयमा बालबालिका नियमित पढाउने मुक्त कमैयालाई अभिनन्दन ।

(च) सहुलियत र सुलभ ढङ्गबाट व्यवसाय सञ्चालनका लागि पूँजीको व्यवस्था ।

(छ) वैदेशिक रोजगारीमा न्यूनतम खर्चमा पठाउने व्यवस्था ।

### ४.३.४ मुक्त कमैयाका बालबालिकाहरुबाट प्राप्त सुझावहरु

मानिस सामाजिक प्राणी हो । समाजमा बस्ने हरेक वर्ग समुदाय बीच एक आपसमा आत्म सम्मान र आत्म गौरव हुने वातावरण र सामाजिक मूल्य मान्यता हुनु पर्दछ । समाजमा एकले अर्कोलाई एक वर्ग र समुदायले अर्को वर्ग र समुदायलाई हेप्ने, शोषण गर्ने, अमानवीय व्यवहार गरेमा त्यो समाज कहिल्यै अगाडि बढ्न सक्दैन । यसैले मुक्त कमैयाका बालबालिकालाई पनि उनीहरूको आत्म सम्मान र आत्म गौरव बढ्ने सामाजिक व्यवहार हुनु पर्दछ । यसका लागि निम्न अनुसारका सामाजिक र मानवीय व्यवहारबाटे शैक्षिक स्थितिमा देखिएका समस्याहरू हल गर्न सकिन्छ :

(क) विद्यालयमा स्कूल पोशाकको व्यवस्था मिलाउनु पर्दछ ।

(ख) सम्पूर्ण विद्यार्थीमा साथित्वको व्यवहार तर्फ प्रेरित गर्नु पर्दछ ।

(ग) विद्यार्थीको इच्छा चाहना, क्षमता अनुसारको पाठ्यक्रम र पाठ्यपुस्तकको निर्माण गर्नु पर्दछ ।

(घ) अतिरिक्त क्रियाकलापमा समान सहभागिताको अवसर दिनु पर्दछ ।

(ङ) मुक्त कमैयाका बालबालिकामा हिनताबोधको भावना आउन नदिन विद्यालय प्रशासन सजक हुनु पर्दछ ।

(च) बाल मैत्री विद्यालयको व्यवस्था गर्नु पर्दछ ।

(छ) समाजका अन्य वर्गले मुक्त कमैयाका मनोबल उच्च राख्न विभिन्न सहयोगात्मक कार्यक्रम सञ्चालन गर्नु पर्दछ ।

(ज) समाजमा हरेक बालक बीच भातृत्वको भावना जगाउन उच्च वर्गको महत्वपूर्ण सहयोग र सक्रियता हुनु पर्दछ ।

## अध्याय पाँच :

## प्राप्ति, निष्कर्ष र सुझाव

व्यक्ति, समाज र राष्ट्रकै सम्पूर्ण पक्षको उन्नति र विकासको माध्यम शिक्षा हो । जुन समाजमा रहेका हरेक व्यक्ति वर्णका लागि आवश्यक छ तर हाम्रो जस्तो विकासोन्मुख मुलुकमा सबैलाई शिक्षा दिनु एउटा चुनौतीको रूपमा देखा परेको छ । २०५८ को जनगणना अनुसार साक्षरता दर ५३.७ प्रतिशत रहेकोमा मानव विकास प्रतिवेदन सन् २००९ को प्रतिवेदन अनुसार नेपालको साक्षरता दर ६३ प्रतिशत पुगेको छ । सबैलाई साक्षर बनाई उनीहरूको जीवनस्तर माथि उठाउन नेपालले सन् २०१५ सम्म सबैलाई साक्षर बनाउने प्रतिवद्धता समेत जारी गरेको छ ।

### ५.१ प्राप्ति

यस शोध पत्रमा मुक्त कमैयाका बालबालिकाहरूको शैक्षिक स्थितिको बारेमा जानकारी लिन विभिन्न तथ्याङ्क सङ्कलन गरी व्याख्या विश्लेषण गर्दा निम्न कुराहरूको प्राप्ति भएको थियो :

(क) मुक्त कमैयाहरू शिक्षाको उज्यालो घामबाट बञ्चित रहेका
(ख) विद्यालयमा भर्नादर कम, अनुत्तीर्ण र बीचैमा विद्यालय छोड्ने दर उच्च
(ग) मुक्त कमैयाको साक्षरता दर कहाली लाग्दो
(घ) दास र गरीब भै जन्मनुमा पिडा महशुस
(ङ) मुक्त कमैयाका बालबालिकालाई विद्यालयमा ल्याई भर्ना गराउने सरकारी प्रतिवद्धता निरासजनक
(च) मुक्त कमैयाका बालबालिकालाई शिक्षाभन्दा खानाको पिरलो
(छ) आर्थिक विपन्नता शिक्षा आर्जनको बाधक
(ज) आर्थिक विपन्नताले मुक्त कमैयाका बालबालिका कुलत र दुर्व्यवहारमा फस्न बाध्य
(झ) मुक्त कमैयाको जीवनस्तर उठाउन आय आर्जनका अवसरहरू न्यून
(ञ) शैक्षिक सामाजिक, आर्थिक, राजनैतिक पहुँच वृद्धिका लागि चेतनामूलक कार्यक्रमको अभाव

(ट) न्यून रूपमा विभिन्न संघ संस्थाले शिक्षा, स्वास्थ्य र आय आर्जनमा सहयोग गरेका

(ठ) सरकारी आश्वासन व्यवहारमा लागू नहुँदा छटपटी

(ड) उच्च शिक्षा अध्ययन गर्ने मुक्त कमैयाका न्यून विद्यार्थीहरूले विभिन्न संघ संस्थामा सहयोगीको भूमिका निभाउँदै अध्ययन गरेको पाइयो ।

## ५.२ निष्कर्ष

कुनै पनि खोज अनुसन्धानमा विषयवस्तुहरूसँग मेल खाने विभिन्न तथ्याङ्कहरूको सङ्कलन, ती सङ्कलित तथ्याङ्कलाई प्रभावकारी ढङ्गबाट प्रस्तुतीकरण गरी व्याख्या र विश्लेषण गर्दा प्राप्त भएका कुराहरूको आधारमा निष्कर्ष निकालिन्छ । यस अध्ययन अनुसन्धानमा पनि मुक्त कमैयाको बालबालिकाको शैक्षिक स्थितिको बारेमा विभिन्न खोज अनुसन्धान गरी त्यस क्रममा प्राप्त भएका प्राप्तिहरूको आधारमा निम्न अनुसार निष्कर्ष निकालिएको छ :

(क) मुक्त कमैयाका बालबालिका अधिकांशमा शिक्षाको पहुँच पुग्न सकेको छैन ।

(ख) मुक्त कमैयाको साक्षरता दर ज्यादै न्यून छ ।

(ग) अधिकांश मुक्त कमैयामा शिक्षाको महत्वप्रति चेतना छैन जसको असल बालबालिकामा परेको छ ।

(घ) शिक्षाप्रति चेतना भएकाहरूले पनि आर्थिक अभावको कारणले विद्यालय पहुँचदेखि टाढा बस्नु परेको छ ।

(ङ) अध्ययन क्षेत्रमा रहेका मुक्त कमैयाहरूको भू-स्वामित्व ज्यादै न्यून छ ।

(च) पराधिनता बढेको छ, आफ्नो उन्नति र प्रगतिमा आफै अग्रसर हुनु पर्नेमा अरूको भर परेका छन् ।

(छ) अन्य विद्यार्थीको तुलनामा विद्यालय छोड्ने दर मुक्त कमैयाका बालबालिकाको बढी छ । अन्यको १५प्रतिशत छ भने यिनीहरूको २५ प्रतिशत छ ।

(ज) सिकाइ उपलब्धि र विद्यालयमा उपस्थिति अन्य विद्यार्थीको तुलनामा मुक्त कमैयाका विद्यार्थीको कम छ ।

(झ) शोषणरहित सामाजिक मूल्य मान्यता भएता पनि अझै सामाजिक विभेद छ । जसले मुक्त कमैयाका विद्यार्थीले हिनताबोध गरिरहेका छन् ।

जेहोस् सामाजिक पछौटेपन, आर्थिक विपन्नता, कुरीति र कुसंस्कार, सामाजिक विभेद, अवसरको कमी, हातमुख जार्ने समस्या आदि विविध समस्याले मुक्त कमैयाका बालबालिकाहरूको शैक्षिक स्थिति माथि उठ्न सकेको छैन । सामाजमा जन जागरण र चेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आय आर्जनका अवसरहरूको व्यवस्था र मुक्त कमैयाका बालबालिकाको शिक्षामा सरकारी प्रतिवद्धता, ग्यारेन्टी र सम्पूर्ण सहयोग भएमा उनीहरूको जीवनस्तर उकास्न सकिने निष्कर्ष खोज अनुसन्धानले देखाएको छ ।

## ५.३ सुझावहरू

कुनै पनि खोज अनुसन्धानमा रहेका सबल र दुर्बल पक्षहरूको पहिचान गरी त्यसमा लुकेर रहेका विभिन्न तथ्य गत विषयवस्तु पत्ता लगाउन र दुर्बल पक्षबाट हुने सम्भावित हानी-नोक्सानीलाई कम गर्न वा रोक्न तथा सुधार सहित सही मार्गमा ल्याउन र खोज अनुसन्धानलाई थप उपलब्धिमूलक बनाउन सुझावको महत्वपूर्ण भूमिका हुन्छ ।

प्रस्तुत अध्ययनमा विभिन्न श्रोतबाट प्राप्त भएका तथ्याङ्कहरूको प्रस्तुतीकरण, व्याख्या, विश्लेषण गर्दा प्राप्त भएका तथ्याका आधारमा निष्कर्ष निकाली ती बालबालिकाको शैक्षिक उन्नति, प्रगति र उत्थानका लागि निम्न सुझावहरू प्रस्तुत गरिएको छ :

(क) शिक्षक-विद्यार्थी बीच मानव सम्बन्ध स्थापित गरिनु उपयुक्त देखिन्छ । जसका लागि शिक्षकलाई मनोविज्ञान सम्बन्धी तालिम दिई बाल मनोविज्ञानमा जोड दिने वातावरण तयार गर्नु पर्दछ ।

(ख) मुक्त कमैया बालबालिकाको शैक्षिक अवस्था वृद्धि गर्न विद्यार्थी तथा अभिभावकहरूमा शैक्षिक चेतना अभिवृद्धि गराउनु पर्दछ ।

(ग) शैक्षिक चेतनामूलक नाटक, ऱ्याली, पोष्टर, वृत्तचित्र प्रदर्शन जस्ता कार्यक्रम व्यापक मात्रामा सञ्चालक गर्नु पर्दछ ।

(घ) अभिभावकहरूलाई बेला-बेलामा विद्यालयमा उपस्थित भै आफ्ना बालबालिकाको विविध गतिविधिको बारेमा जानकारी लिन सक्ने वातावरण मिलाउनु पर्दछ ।

(ङ) विद्यार्थीलाई पोषाक, पाठ्यपुस्तक, शैक्षिक सामग्री, पुरस्कार लगायत विभिन्न किसिमको छात्रवृत्ति उपलब्ध गराउनु पर्दछ ।

(च) विद्यालयको भौतिक आकर्षण, शैक्षिक आकर्षण बढाउन भवन, खेलमैदान, मनोरञ्जनका साधन, शैक्षिक सामग्री प्रयोगात्मक सामग्री र अतिरिक्त क्रियाकलाप समेतको व्यवस्था गर्नु पर्दछ ।

(छ) विद्यार्थीहरू विद्यालयमा रमाउने विविध भौतिक सुविधा साथै उनीहरूको मनोबल उच्च बनाई आत्म सम्मान बढाउने कार्यक्रम सञ्चालन गर्नु पर्दछ ।

(ज) मुक्त कमैयाको घरायसी आर्थिक अवस्था सुधार गर्न विभिन्न आय आर्जनका सीपमूलक तालिम र पूर्जाको व्यवस्था मिलाउनु पर्दछ ।

(झ) योग्यता अनुसार रोजगारीका लागि मुक्त कमैयाका बालबालिकाहरूलाई विशेष प्राथमिकता दिने व्यवस्था मिलाउनु पर्दछ ।

(ञ) मुक्त कमैयाको विविध पक्षको सुधार गर्न र उनीहरूका बालबालिकाहरूको शैक्षिक स्थितिमा सुधार एवं वृद्धि गर्न दीर्घकालिन योजना तर्जुमा गरी सरकारले कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

**अनुसन्धानका निम्ति सिफारिस**

यस अध्ययनको प्राप्ति निष्कर्ष र सुझावका आधारमा यस्तै निम्न अनुसार खोज अनुसन्धान गर्न सिफारिस गरिन्छ :

(क) मुक्त कमैयाका बालिका (कम्लरी) को शैक्षिक अवस्थाको अध्ययन

(ख) मुक्त कमैयाको मुक्तिपछि जीवनस्तरमा भएको परिवर्तन एक अध्ययन

(ग) मुक्त कमैयाका बालबालिकालाई उच्च शिक्षा आर्जनमा आइपर्ने कठिनाई

(घ) मुक्त कमैयाका बालबालिकाले बीचैमा विद्यालय छाड्ने अवस्थाको खोजी र समाधान

(ङ) कमैया मुक्ति आन्दोलन र त्यसका सफलता

# सन्दर्भ सूची


अधिकारी,सूर्यमणि (२०५८), **नेपालको इतिहास र समाज अध्ययन**, काठमाण्डौ : भुडीपुरान प्रकाशन ।

अधिकारी, विश्वराज (२०६५), **दुरा जातिका बालबालिकाको शैक्षिक अवस्था अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि सप्तगण्डकी वहुमुखी क्याम्पस चितवन ।

आर.आर.एन. (२०६१), **कमैया रिपोर्ट**, दाङ ।

इन्सेक (२०४९), **नेपालमा कमैया प्रथाभित्र बाधा मजदुर,** दाङ ।

उपाध्याय, रामप्रसाद (२०५६), **नेपालको सामाजिक, आर्थिक तथा प्रशासनिक इतिहास** बागबजार काठमाण्डौ : भुडीपुराण प्रकाशन ।

**कमैया श्रम निषेध ऐन** (२०५८), काठमाण्डौ ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०५९) **शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल (२०६०), **शैक्षिक अनुसन्धान पद्धति,** काठमाण्डौ : स्टुडेन्स बुक्स पब्लिसर्स एण्ड डिष्ट्रीव्युटर्स ।

घिमिरे, रमेश (२०६३), **थारू जातिको शैक्षिक स्थिति एक अध्ययन**, स्नातकोत्तर शोधपत्र, अप्रकाशित त्रि.वि सप्तगण्डकी वहुमुखी क्याम्पस चितवन ।

चौधरी, डिल्लीबहादुर (२००९), **वेसको वार्षिक रिपोर्ट,** दाङ ।

तिमिल्सिना, विनोदखण्ड (२०६१), **शैक्षिक अनुसन्धान पद्धति,** कीर्तिपुर काठमाण्डौ : क्षितिज प्रकाशन ।

पाण्डेय, केदारप्रसाद र पाण्डेय माधवप्रसाद (२०५५), **समाजशास्त्र, मानवशास्त्रका सैद्धान्तिक अवधारणा,** काठमाण्डौ : रत्नपुस्तक भण्डार ।

बस्याल, अम्बिका (२०६५), **थारु समुदायको शैक्षिक अवस्था अध्ययन**, अप्रकाशीत स्नातकोत्तर शोधपत्र, त्रि.वि सप्तगण्डकी वहुमुखी क्याम्पस चितवन ।

युनिसेफ (२००५), **विश्वका बालबालिकाको अवस्था**, काठमाण्डौ ।

युनेस्को (सन २००९) कमैयाको शैक्षिक अध्ययन प्रतिवेदन

राष्ट्रिय योजना आयोग (२०६४-०६८) **दशौं पञ्चवर्षी योजना,** काठमाण्डौं ।

लामिछाने, रघुनाथ (२०६०), मुक्त कमैया- वेस अनलिमिटेड प्रा.लि. सामाखुसी

वेस (२०४६), **सामाजिक आन्दोलनको शुरुवात,** दाङ ।

श्रम मन्त्रालय प्रतिवेदन (२०५१), **कमैयाको आर्थिक तथा सामाजिक स्थितिको अध्ययन**, काठमाण्डौ ।

शर्मा, कुवेरनाथ (२०६१), **शिक्षणशास्त्र**, काठमाण्डौ : रत्नपुस्तक भण्डार ।

शर्मा, गोपीनाथ (२०५७), **नेपालको शैक्षिक इतिहास,** काठमाण्डौ :मकालु बुक्स एण्ड स्टेशनर्स ।

शर्मा, जयकृष्ण (२०६२), **सामुदायिक र संस्थागत विद्यालयको शैक्षिक व्यवस्थापनमा सरोकारवालाको सहभागिता**, स्नातकोत्तर शोधपत्र, अप्रकाशित त्रि.वि सप्तगण्डकी वहुमुखी क्याम्पस चितवन ।

शिक्षा विभाग (२०६५), **विद्यालय तहको शैक्षिक तथ्याङ्क**, भक्तपुर ।

सुवेदी, रत्नलाल (२०६५), **जनयुद्धबाट विस्थापित घरपरिवारको आर्थिक तथा शैक्षिक अवस्था रोल्पा एक अध्ययन**, अप्रकाशीत स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र संकाय त्रि.वि कीर्तिपुर ।

सोसाइटी वलफेयर एक्सन नेपाल, (२०६५), **वार्षिक प्रतिवेदन,** दाङ ।

मुक्त कमैयाका बालबालिकाको शैक्षिक स्थिति

## अनुसूची-१

## मुक्त कमैयाका बालबालिकालागि अन्तरवार्ता प्रश्नावली

विद्यालयको नाम :

विद्यार्थीको नाम : कक्षा :

ठेगाना :

१. के तिमी सँधै विद्यालयमा उपस्थित हुन्छौं ?

........................................................................................................................

२. तिमीलाई सँधै विद्यालय आउन मन लाग्छ ?

........................................................................................................................

३. के कारणले विद्यालयमा आउन मन लाग्यो ?

........................................................................................................................

४. कक्षामा उपस्थित हुन पाउँदा कस्तो महशुस हुन्छ ?

........................................................................................................................

५. तिमीलाई कक्षामा उपस्थित हुन कुन-कुन कुराले अप्ठ्यारो पार्दछ ?

........................................................................................................................

६. कति पढ्न मन लागेको छ र किन ?

........................................................................................................................

७. के तिमीले चाहेको कुरा सिक्न पाएका छौं ?

........................................................................................................................

८. तिमीलाई घरायसी काममा कति समय बिताउनु पर्दछ ?

........................................................................................................................

९. तिमीहरूलाई अन्य साथीहरूले कस्तो व्यवहार गर्दछन् ?

........................................................................................................................

१०. तिम्रो घरमा एस.एल.सी. पास गरेका कति जना हुनुहुन्छन् ?

........................................................................................................................

११. जमिनदारका घरमा काम गर्नु र विद्यालयमा पढ्न आउनुमा तिमीलाई कुन काम राम्रो लाग्छ ? किन ?

.................................................................................................................................

## मुक्त कमैयाका बालबालिकाको शैक्षिक स्थिति

## अनुसूची-२

## प्रधानध्यापककालागि प्रश्नावली

विद्यालयको नाम : प्र.अ.को नाम :

१. तपाइँको विद्यालयमा मुक्त कमैयाका बालबालिकाहरूले कुन-कुन कक्षामा कति-कति जनाले अध्ययन गर्दैछन् ?

.................................................................................................................................

२. विद्यालयमा भर्ना भएर नियमित रूपमा विद्यालयमा उपस्थित भएका छन् कि छैनन्?

.................................................................................................................................

३. भर्ना भएकामध्ये कति प्रतिशतले वार्षिक परीक्षामा बस्दछन् र कति प्रतिशतले कक्षा दोहोऱ्याउँछन् ?

.................................................................................................................................

४. विद्यालय सेवा क्षेत्रभित्रका सबै मुक्त कमैयाका सबै बालबालिकालाई विद्यालयमा भर्ना गर्न विद्यालयका तर्फबाट के-के पहल गर्नु भएको छ ?

.................................................................................................................................

५. मुक्त कमैयाका बालबालिकालाई कुन-कुन संस्थाले सहयोग गरिरहेका छन् ?

.................................................................................................................................

६. मुक्त कमैयाका बालबालिका विद्यालय बाहिर हुनुका कारण के-के हुन सक्छन् ?

.................................................................................................................................

७. तपाईका विद्यालयबाट कति जना मुक्त कमैयाका बालबालिकाले एस.एल.सी. पास गरेका छन् ?

.................................................................................................................................

८. विद्यालयमा मुक्त बालबालिकाको शैक्षिक उपलब्धि अन्य समुदायका बालबालिको भन्दा तुलनात्मक रूपमा कस्तो छ ?

.................................................................................................................................

९. मुक्त कमैयाका बालबालिकालाई विद्यालयका तर्फबाट केही सुविधा उपलब्ध छ, छ भने के-के ?

..........................................................................................................................................

## मुक्त कमैयाका बालबालिकाको शैक्षिक स्थिति

## अनुसूची-३

## सहयोगी संस्थाप्रमुखकालागि प्रश्नावली

संस्थाको नाम :

सहजकर्ताको नाम :

वार्षिक लगानी : वार्षिक प्रतिफल :

१. मुक्त कमैयाका बालबालिकाहरूलाई शिक्षा क्षेत्रमा मात्र सहयोग गर्नु भएको छ कि अन्यमा पनि ?

.......................................................................................................................

२. दाङ जिल्लामा मुक्त कमैयाका बालबालिका लिङ्गत रूपमा कति-कति छन् ?

.......................................................................................................................

३. विद्यालय जाने उमेरका बालबालिका कति छन् ?

.......................................................................................................................

४. सबै विद्यालय गएका छन् ? गएका छैन भने के-कति गएका छन् ?

.......................................................................................................................

५. विद्यालय नजानुका कारणहरू पहिचान गर्नुभएको छ भने ती के-के हुन् ?

.......................................................................................................................

६. कस्ता कार्यक्रम ल्याएमा उनीहरूलाई विद्यालयमा पढाउन सकिएला ?

.......................................................................................................................

७. विद्यालय नजाने बालबालिकालाई विद्यालय पढाउन पहल गर्नु भएको छ ?

.......................................................................................................................

८. एस.एल.सी. पास र माथिल्लो कक्षामा अध्ययन गर्ने मुक्त कमैयाका बालबालिका कति छन् ?

.......................................................................................................................

९. एस.एल.सी. पासपछि सरकारी सेवामा प्रवेश गरेका मुक्त कमैयाका बालबालिका कति छन् ?

.......................................................................................................................

१०. शिक्षाले मुक्त कमैयाको जीवनस्तरमा सुधार गर्न सकिन्छ, कसरी ?

.......................................................................................................................

११. कार्यक्रम सञ्चालनमा आइपरेका कठिनाईहरू केही छन् कि ?

## अनुसूची-४

## मुक्त कमैयाकालागि अर्न्तवार्ता फारम

१. अभिभावकको नाम, थर :

लिङ्ग :

जात :

ठेगाना :

गा.वि.स. :

वार्ड नं. :

गाउँ र टोल :

जन्मस्थान :

पढ्न लेख्न जान्ने वा पढ्न लेख्न नजान्ने :

पेशा :

कति वर्ष पहिला यहाँ आएको :

कहाँबाट आएको :

जग्गा जमिन कति छन् :

घर भएको जग्गा आफ्नो हो वा होइन :

वस्तुभाउ के कति छन् :

आम्दानीको श्रोत :

वार्षिक आम्दानी :

पारिवारिक विवरण :

| सि.नं. | घर धनीसँग नाता | उमेर | पेशा | विवाहित | छोरा | छोरी | शिक्षा | आमा वा बावुले पालेको |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४<br>५ | | | | | | | | |

## मुक्त कमैयाका बालबालिकाको शैक्षिक स्थिति

## अनुसूची-५

## मुक्त कमैयाा लागि तयार पारिएका वस्तुगत अर्न्तवार्ता प्रश्नहरू

१. बालबालिकालाई विद्यालय नपठाउनको कारण के हुन् ?

(क) छोराछारी धेरै भएकोले पढ्न नपठाएको

(ख) घरमा कामधन्धा गर्नुपर्ने भएर

(ग) बाल मजदुरी गर्न पठाउनु पर्ने भएर

(घ) आर्थिक अवस्था कमजोर भएर

(ङ) पुर्खौली पेशाको कारणले अपहेलित हुनुपर्ने भएकोले

(च) विद्यालय भर्ना शुल्क बढी लाग्नाले

(छ) छोराछोरी पढ्न नमानेर

२. तपाईका छोराछोरीले प्राथमिक तह उत्तीर्ण नगर्दै विद्यालय छोड्नाका कारण के-के हुन् ?

(क) पढाउन नसकेर बीचमा छोडाएको

(ख) घरमा कामधन्दा गर्नुपर्ने हुँदा

(ग) कक्षामा फेल भएर छोडाएको

(घ) विवाह गर्नुपर्ने हुँदा छोडाएको

(ङ) आफैले पढ्न नमानेर छोडेको

(च) अन्य केही भए

३. के-कस्तो प्रकारको सुविधा प्राप्त भएमा तपाईले छोराछोरीलाई विद्यालय पढाउन पठाउनु हुन्छ ?

(क) पढाइको सम्पूर्ण खर्च सरकारले व्यहोरेमा

(ख) विद्यालयको पोशाक निःशुल्क पाएमा

(ग) भर्ना शुल्क नलाग्ने भएमा

(घ) विद्यालय टोल-टोलमा र वडाभित्रै भएमा

(ङ) बिहान वा साँझपख विद्यालय सञ्चालित भएमा

(च) स्थानीय भाषामा पढाइ हुने भएमा

(छ) प्राथमिक तह पूरा गरेपछि कुनै रोजगारी ग्यारेन्टी भएमा